# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

## २०८१

## उदयपुरगढी गाउँपालिका

**उदयपुरगढी गाउँपालिकाको कार्यालय**

**उदयपुर, कोशी प्रदेश**

विषयसूची                                                                 पृष्ठ संख्या


१. पृष्ठभूमि ..........१
२. उदयपुरगढी गाउँपालिकाको संक्षिप्त परिचय ..........२
३. नाम र परिभाषा..........३
४. विद्यमान स्थिति ..........५
५. उदयपुरगढी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी वर्तमान अवस्था..........७
६. उदयपुरगढी गाउँपालिकाको विद्यमान समस्या, चुनौती र अवसर..........१०
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको आवश्यकता..........१२
७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको उद्देश्य ..........१३
८. रणनीति निर्माणको सिद्धान्तहरु..........१४
९. रणनीति नीर्माण प्रकृया ..........१५
१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको दिगो सोच..........१६
११. लक्ष्य ..........१६
१२. उद्देश्य..........१६
१३. रणनीतिक उद्देश्य..........१६
१४. रणनीतिहरु..........१७
१५. नीति/कार्यनीति ..........१८
१६. नीति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व..........२९
१७. अर्थिक व्यवस्था..........३०
१८. कानूनी व्यवस्था ..........३०
१९. नीति कार्यान्वयन तथा अनुगमन ..........३०
२०. गाउँपालिका स्तरीय समिति/वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार..........३१
२१. जोखिम तथा जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले ध्यान दिनुपर्ने कुराहरु ..........३३
२२. रणनीतिका अपेक्षित उपलब्धिहरु.......... ३४
२३. रणनीतिको पुनरावलोकन तथा सुधार..........३४
२४. खारेजी तथा बचाउ ..........३४
२५. अनुसूचीहरु ..........३५

१. पृष्ठभूमिः

लैङ्गिक समानता, सामाजिक न्याय, समानुपातिक सहभागिता र समावेशी नीति नेपालको संविधानको मूलमर्मको रुपमा रहेको छ । समतामुलक समाजको निर्माणका लागि समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा राज्यका सबै अङ्ग तह र संरचनाहरुमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणाको पूर्णपालना, आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न नेपालको संविधान २०७२ ले दिशा निर्देश गरेको छ । लैंगिक समानता तथा सामाजिक समावेशीकरण विकास र अवसरवाट पछाडि पारिएका लिङ्ग, वर्ग र समुदायको मूलप्रवाहीकरण नीति, रणनीति, कार्यक्रम र प्रशासनिक, वित्तीय वा आर्थिक क्रियाकलापहरूमा उनीहरुको चासो र आवश्यकताहरु पहिचान गरी सम्वोधन गर्ने एउटा प्रक्रिया हो । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको नीतिले असमानता र विभेदहरूको न्यूनीकरण गर्दै, समान अधिकार तथा अवसरहरूको सुनिश्चित गर्ने र जुनसुकै सामाजिक पृष्ठभूमि र पहिचान भए पनि सबै व्यक्तिमा सम्मानको प्रत्याभूति दिलाई समाजमा रहेको लिङ्ग, जाति तथा वर्गहरु बिचको असमान शक्ति सम्बन्धहरूलाई पुनः सन्तुलित गराउँदछ । नेपालले विभिन्न समयमा गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरु पुरा गर्नु तीनै तहका सरकारको दायित्व हो । यसका लागि तीनै तहका सरकारले समाजका विभिन्न वर्ग, लिङ्ग, क्षेत्रबीच रहेको सबै किसिमको असमानता, विभेदकारी सोच र संरचनाहरुलाई रुपान्तरण गर्दै समतामूलक रुपमा लैङ्गिक समानता र सामावेशीकरण मैत्री संरचना निर्माण गर्न आवश्यक हुन्छ । साथै विगतमा भएका सार्थक प्रयास तथा असल अभ्यासहरुलाई समेत आत्मसाथ गर्दै वञ्चितीकरणका विषयहरुलाई समावेशीकरणको अवधारणा बमोजिम सम्बोधन गर्न अपरिहार्य रहेको छ । त्यसैले सम्बद्ध विषय क्षेत्र अन्तरगत संचालन हुने सबै योजना तथा कार्यक्रमहरुलाई समावेशी बनाउन यो लैङ्गिक समानता तथा सामाजिक सामावेशीकरण नीति जारी गरिएको छ ।

यसर्थ, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा स्थानीय सरकार संचालनको पहिलो कार्यकालको अनुभवहरुलाई आत्मसात गरी यस सँग सम्बन्धीत चुनौती तथा अवसरहरुको आधारमा लैङ्गिक शासन पद्धतिलाई संस्थागत गर्न एवं स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैङ्गिक तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरणको प्रवर्द्धन गरी वञ्चितिकरणमा परेका समुदायको नागरिक,

राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको सुनिश्चितताका लागि उदयपुर जिल्लाको उदयपुरगढी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१ तयार गरेको हो ।

**२. उदयपुरगढी गाउँपालिकाको संक्षिप्त परिचयः**




कोशी प्रदेश अन्तरगत उदयपुर जिल्लाका ८ वटा स्थानिय तहहरु मध्ये एक यस उदयपुरगढी गाउँपालिका नेपाल सरकार राज्य पुनर्संरचना आयोगको निर्णय अनुसार २०७३ साल फाल्गूण ३ गते स्थापना भएको हो । साविकका पंचावती, डुम्रे, वर्रे, भलायडाँडा र तावश्री गाविसहरु मिलाएर यस उदयपुरगढी गाउँपालिकाको निर्माण भएको हो । उदयपुर जिल्लाको सदरमुकाम गाईघाटवाट ३८ किलोमिटर उत्तर - पश्चिम क्षेत्रमा रहेको यस गाउँपालिकाको पूर्वमा त्रियुगा नगरपालिका र रौतामाई गाउँपालिका, पश्चिममा कटारी नगरपालिका, उत्तरमा ताप्ली गाउँपालिका र दक्षिणमा सिरहा जिल्ला पर्दछ । उदयपुर जिल्लाको निर्वाचन क्षेत्र नं २ मा पर्ने यस गाउँपालिकालाई ८ वटा वडामा विभाजन गरिएको छ । कूल क्षेत्रफल २६९.५१ वर्ग किमीमा फैलिएको यस गाउँपालिकाको जनसङ्ख्या विसं. २०७८ को जनगणना अनुसार २८ हजार ९२६ रहेको छ । जिल्लाको महत्वपूर्ण पुरातात्विक र ऐतिहासिक स्थलहरू उदयपुरगढी दरवार, पंचावती मन्दिर लगाएत ऐतिहासिक स्थलहरु यस गाउँपालिकाभित्र पर्दछन् । यस गाउँपालिकामा बैद्यनाथ, तावा खोला लगाएत बडहरे, धमिले, गेर्खे, पौवा लगाएतका प्रशस्त खोलानाला रहेका छन् । उर्वर खेती योग्य जमिन, प्रशस्त सिंचाईको स्रोत र हरियाली वनजंगल भएका कारण यस गाउँपालिकाको बासिन्दाहरुको प्रमुख आम्दानीको श्रोत कृषि तथा पशुपालन रहेको छ । मदन भण्डारी लोकमार्गसँग जोडिएको यस गाउँपालिकामा वनस्पती, तथा जडिबुटीहरु पनि प्रशस्त मात्रामा पाईन्छन् । यस गाउँपालिकामा कृषि, पशुपालन, वनस्पती तथा पर्यटनको विकास गर्न सके अर्थोपार्जनको बलियो आधार हुन सक्ने सम्भावना देखिन्छ ।

प्रकृतिक सौन्दर्यले भरिपूर्ण यस उदयपुरगढी गाउँपालिकामा परेवा झरना, पुरानो उदयपुरगढी, जोगीधारा, अँधेरी झरना, भालुदह, भ्यू टावर, टुँडिखेल जस्ता पर्यटकीय स्थल तथा पञ्चावती माईको मन्दिर, केउरेनी महादेव, ककनी महादेव लगाएतका धार्मिक स्थलहरु अवस्थित छन् । यहाँका मानिसहरुले मुख्य गरी दशैं, तिहार, हरितालिका तीज, रामनवमी, शिवरात्री, फागुपूर्णिमा, बुद्धपूर्णिमा, नागपञ्चमी, माघेसंक्रान्ती, साउने संक्रान्ती, श्री कृष्ण जन्माष्टमी, चैंतेदशैं, भिमसेन पुजा लगायत सोनाम ल्होसार, ग्याल्पो ल्होसार, साकेला नाच, लाखे नाच, बालन नाच जस्ता साँस्कृतिक चाडपर्वहरु मनाउने गर्दछन् । ऐतिहासिक स्थल उदयपुरगढीका नामका आधारमा नामकरण भएको यस गाउँपालिकाको उदयपुरगढी दरवार क्षेत्रको एतिहासिक तथा पुरातात्विक क्षेत्रको संरक्षण तथा विकासको गुरुयोजनाले पर्यटन विकासको बलियो आधार बनाएको छ ।

**३. नाम तथा परिभाषाः**

नाम र प्रारम्भः यस नीतिको नाम "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति २०८१" रहनेछ । यसको प्रारम्भ स्थानीय सरकार (गाउँपालिकाको, गाउँसभा वा गाउँकार्यपालिकाबाट पास गरी राजपत्रमा प्रकाशन गरे पश्चात) ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नीतिमा;

क) "नीति" भन्नाले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति २०८१ लाई सम्झनु पर्दछ ।

ख) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, वडा कार्यालय र जिल्ला समन्वय समिति सम्झनु पर्दछ ।



CS CamScanner

3) "गाउँपालिका" भन्नाले उदयपुरगढी गाउँपालिका सम्झनु पर्दछ ।

4) "कार्यक्रम" भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएका योजनाहरुको संयोजित रुप सम्झनु पर्दछ ।

5) "योजना" भन्नाले समग्रमा गाउँपालिकाले तयार गरेको स्थानीय तहको आवधिक योजना, वार्षिक योजना, गुरुयोजना, रणनीतिक योजना, एकिकृत शहरी विकास योजना आदि सम्झनु पर्दछ ।

6) "खण्डिकृत तथ्याङ्क" भन्नाले महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु, जातीय समूह, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा अन्य वञ्चित समूहका व्यक्तिहरुको खण्डिकृत तथ्याङ्क भन्ने बुझ्नुपर्दछ ।

7) "लिङ्ग" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सम्झनु पर्दछ ।

8) "लैङ्गिक" भन्नाले समाजबाट निर्मित महिल, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको भूमिका एवं पहिचानका साथै उनीहरु बिचको सामाजिक सम्बन्धलाई सम्झनु पर्दछ ।

9) "लैङ्गिक समानता" भन्नाले महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु बीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

10) "पछाडि पारिएको समुदाय" भन्नाले समाजमा लामो समयदेखि विकास र अवसरबाट वञ्चितीकरणमा पारिएका महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाती, मधेशी, मुस्लिम, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु भन्ने बुझ्नु पर्दछ ।

11) "सीमान्तकृत समुदाय" भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारिएका विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्नबाट वञ्चित भएका संघिय कानून वमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तकृत र लोपोन्मूख समुदाय समेतलाई जनाउँछ ।

12) "लैङ्गिक मूलप्रवाहीकरण" भन्नाले कुनै पनि योजनावद्ध कार्य, नीति, नियम ,कार्यक्रम कार्यान्वियनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

13) "लैङ्गिक उत्तरदायी बजेट" भन्नाले लैङ्गिक समानताको बजेटको सुनिश्चितता बजेटका सबै प्रकृयामा लैङ्गिक मूल प्रवाहीकरण र उपलब्धीको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रुपमा उद्देश्यमूलक कार्यक्रमहरु तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउँदछ ।

14) "सामाजिक समावेशीकरण" भन्नाले समाजका सम्पूर्ण, वर्ग, लिङ्ग र जातजाति एकै थलोमा जम्मा भई आफु र आफ्नो समुदायको विकास गर्न सङ्गठित समानुपातिक समावेशीका साथ सहभागिता र उपलब्ध स्रोत साधन, सेवा सुविधा र अवसरहरुको न्यायोचित ढङ्गले उपभोग गर्न पाउने अवस्था भन्ने बुझ्नुपर्दछ ।

15) "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्तिसम्बन्धहरुलाई पुनः सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार अवसर एवं सम्मानजनक



CamScanner

वातावरण सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ । यसलाई छोटकरीमा लैससास पनि भनिन्छ ।

16) "सामाजिक न्याय" भन्नाले लामो समयदेखि पछाडि पारिएको अधिकारबाट वञ्चित पारिएको समुदाय वा अवश्यक्तामा परेका व्यक्ति समूहलाई व्यवस्था गरेर अगाडि लैजाने प्रकृया भन्ने बुझ्नुपर्दछ ।

17) "समृद्धि" भन्नाले दिगो आर्थिक विकासको साथै आर्थिक रुपमा सम्पन्न आत्मनिर्भर, विभेदको अन्त्य, सबै सफल, खुसी, स्वस्थ्य, शान्त र सुखी भएको वा हुन सक्ने अवस्था वा आधारभूत आवश्यकता पूरा भएको अवस्थालाई बुझ्नुपर्दछ ।

18) "सामाजिक पूँजी" भन्नाले नागरिकहरुको साझा हित तथा लाभको कार्यहरु गर्नको लागि सदस्यहरु बीच, सहअस्तित्व विश्वास, प्रतिबद्धता, सहयोग र सामाजिकताको माध्यमबाट एक विशेष उद्देश्यका साथ सामाजिक स्रोतको रुपमा सामाजिक संस्था संगठनहरु वा सामाजिक संजालहरुलाई एकिकृत गरी प्रस्तावित गतिविधिमा भाग लिनको लागि प्रोत्साहित गर्ने कार्य भन्ने बुझ्नु पर्दछ ।

**४.विद्यमान स्थितीः**

लैङ्गिक समानता र सामाजिक समावेशीकरण समाज विकासको बहुक्षेत्रगत सवाल हो । यसलाई सम्बोधन गर्न संविधान, कानून, ऐन, नीति, नियमावली , निर्देशिकाहरु निर्माण भई कार्यान्वयन भइरहेका छन् । मानवअधिकार सम्बन्धी ९ वटा ठूला महासन्धिहरुमध्ये नेपालले ७ वटा ठूला महासन्धिलाई अनुमोदन गरी अन्तराष्ट्रिय महासन्धिहरुका प्रावधानहरुलाई संविधान तथा कानूनमा समावेश गरी कार्यान्वयनको प्रयासहरु पनि भइरहेका छन् । नेपालले सन् १९९७ देखि नै शासन र विकासका सबै क्षेत्रमा लैगिंक समानता तथा महिला सशक्तीकरण राष्ट्रिय नीति एवं कार्ययोजना कार्यन्वयनमा ल्याएको छ । यसले, विकासका सबै क्षेत्रमा राष्ट्रिय स्तरदेखि स्थानीय तहसम्म लैगिंक समावेशीकरणका लागि रणनीतिगत, संरचनागत, पद्धतिगत र मनोव्यवहारगत परिपालना सहित मूलुकमा लैगिंक समानता र समावेशीता हाँसिल गर्नका लागि बल प्रदान गरेको छ । संविधानको धारा २६९ को उपधारा (१) बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी भएको व्यवस्था कार्यान्वयन गर्न लोकतन्त्रको लाभहरुको समानुपातिक समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासका लागि स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ र संस्थागत गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएको छ । ऐनले सहभागितामूलक योजना तर्जुमा प्रणालीको व्यवस्था गरी वडास्तरवाट नै महिला तथा पछाडिपारिएको समुदायको सहभागितामा प्रतक्ष्य रुपमा लाभ पुग्ने योजना छनौटमा जोड दिई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गरेको छ । सामाजिक न्यायको अवधारणा अनुरुप समुदाय स्तरमा हुने विवादहरु, महिला हिंसाका विषयहरु, खास गरी देवानी प्रकृतिका घटनाहरुलाई निरुपण गर्न स्थानीय तहमा न्यायिक समितिको संवैधानिक व्यवस्था गरेको छ । लैङ्गिक विभेद, हिंसा, जातीय छुवाछुत र बालविवाह समानता र विकासको प्रमुख बाधकको रुपमा रहेको कुरालाई महशुस गरी बाल विवाह

बिरुद्धको राष्ट्रिय रणनीति जारी गरेको छ । दिगो विकासको लक्ष्य २०३० लाई प्राप्त गर्न राष्ट्रिय सूचकहरु सहित मार्गचित्र तयार गरी स्थानीयकरण भइरहेको छ । लैङ्गिक हिंसालाई एकद्वार प्रणालीवाट व्यवस्थापन गर्न ७७ वटै जिल्लामा एकद्वार संकट व्यवस्थापन केन्द्र संचालित गरी सेवा प्रवाह भईरहेकोछ । राष्ट्रको समग्र विकासलाई योजनाबद्ध रुपमा अगाडि बढाउन वि. स. २०१३ बाट नै पञ्च वर्षिय योजना लागू गरिएको छ । पञ्च वर्षिय योजनाहरुले लैङ्गिक मूलप्रवाहिकरणलाई विकासको अवधारणाको रुपमा लिई सो अनुसारका लक्ष्य र कार्यक्रमहरु निर्माण गर्दै आएकाछन् । संघिय सरकारले **समृद्ध नेपाल सुखी नेपाली** को राष्ट्रिय सोच पुरा गर्न आउँदो २५ वर्षका लागि दीर्घकालीन सोच तयार गरेको छ । उक्त सोच प्राप्त गर्ने आधार योजनाको रुपमा राष्ट्रिय योजना आयोगले पन्ध्रौं पञ्च वर्षिय योजना (आ. व. २०७६ /७७- २०८०/८१) को तर्जुमा गरेको छ । जसअनुरुप देशलाई सम्मुन्नत राष्ट्रको सूचीमा पुर्‍याउन लैङ्गिक समतामूलक राष्ट्र बनाउने सोच तथा महिलाको समान तथा अर्थपूर्ण सहभागिता सहित सारभूत समानता कायम गर्ने लक्ष्य सहित लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्दै महिला, बालबालिका तथा किशोर, किशोरी, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकको सम्मानित जीवनयापनको वातावरण सुनिश्चित गर्ने उद्देश्य राखी योजना निर्माण गरेको छ । राष्ट्रिय समानता नीति २०७७ ले लैङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता बृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ । संघिय व्यवस्था अनुसार कोशी प्रदेश सरकारले पनि विभिन्न नीतिगत व्यवस्था गरी स्थानीय तहलाई दिशानिर्देश गरेको छ । कोशी प्रदेशले घरेलु हिंसा सम्बन्धी ऐन तथा नियमावली २०७५, वालवालिका संरक्षण ऐन तथा नियमावली २०८०, प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन तथा नियमावली २०७८, प्रदेश वातावरण संरक्षण ऐन २०७६, जनस्वास्थ्य ऐन २०७७, प्रदेश सहकारी ऐन २०७६, दश वर्ष मुनिका वालवालिकाहरुका लागि निःशुल्क विशेषज्ञ चिकित्सकिय सेवा सम्बन्धी मार्गदर्शन २०८०, भूमिहिन गरिब सुकुम्बासी वर्ग उत्थान सहयोग तथा तालिम संचालन कार्यविधि २०७९, जारी गरी नागरिकको संवैधानिक हक अधिकारको कार्यान्वयनको सुनिश्चितताको लागि प्रयास गरिरहेको छ । यसैगरी राज्यका तीनै तहका विषयगत मन्त्रालयहरु तथा विषयगत क्षेत्रहरुमा वार्षिक योजना कार्यक्रम तथा वजेट निर्माण गरी कार्यान्वयनका प्रयास भइरहेको छ । स्थानीय तहमा नतिजामूखि कामका लागि योजना छनौटका चरण देखि नै समावेशी सहभागिता सहित लैंगिक उत्तरदायी वजेटको परिक्षण तथा सार्वजानिक सुनुवाईका कार्यक्रमहरु भईरहेका छन् भने स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि २०७७, ले स्थानीय तहले गरेका वार्षिक कार्यक्रमहरुलाई समानता र समावेशी मूलक बनाउन प्रेरित गरिरहेको छ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विभिन्न मन्त्रालयहरुले नीति तथा मार्गदर्शन तयार गरेता पनि संघ, प्रदेश तथा स्थानीय सरकारले यस सम्बन्धी नीति बनाइ नसकेको र केही बनेकाहरुको पनि प्रभावकारी कार्यान्वयन हुन सकिरहेको छैन । यस सम्बन्धी नीति तथा कार्यक्रमहरुको अभावले महिला तथा सीमान्तकृत सुमुदायको आवश्यक्ता सम्बोधन गर्न सकिरहेको



CamScanner

अवस्था छैन फलस्वरुप राज्यद्वारा व्यवस्था गरिएको कार्यक्रम तथा सेवा सुविधाहरुमा महिला तथा सीमान्तकृत समुदायको पहुँच तथा नियन्त्रणको अवस्था न्युन रहेको छ ।

## ५.उदयपुरगढी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी वर्तमान अवस्थाः

लैङ्गिक समानता र सामाजिक समावेशीकरणको मूलप्रवाहिकरण विकास निर्माणको एक अनिवार्य शर्त हो । हाम्रो जस्तो लैङ्गिक असमानता भौगोलिक तथा जातीय विविधता भित्र रहेको विभेदपूर्ण समाजमा सबै नागरिकहरुले विकासका लाभहरुबाट लाभान्वित हुनका लागि समानता र सामाजिक समावेशीकरण अपरिहार्य हुन्छ । गरिबीमा रहेको जनसंख्याको ठूलो हिस्सा महिला, दलित, आदिवासी, जनजाती, सीमान्तकृत एवं पछाडि पारिएको वर्ग तथा समुदायको रहेको छ । समाजमा महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक र पुरुष, दलित र गैरदलित धनी र गरीब समूहका बीच शिक्षा, स्वास्थ्य, पोषण, सुचना लगाएतका आधारभूत अधिकारहरु विच ठूलो खाडल रहेको छ । यो अवस्था यस उदयपुरगढी गाउँपालिकामा पनि रहेको छ । ब्राम्हण, क्षेत्री मगर, तामाङ्ग, राई दलित,नेवार र मधेशी समुदायको मिश्रित बसोबास रहेको यस गाउँपालिकामा स्वास्थ्य शिक्षा रोजगारी सुचनामा आम नागरिकहरुको समान पहुँच चुनौतीपूर्ण रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कूल जनसंख्या २८९२६ रहेको छ जसमा महिलाको जनसंख्या ५१.३ प्रतिशत रहेको छ । यस गाउँपालिकाको औसत परिवार संख्या ४. २५ रहेको छ भने जनसंख्या बृद्धिदर -०.५८ रहेको छ । लैङ्गिक अनुपात ९५.०६ रहेको यस पालिकाको कूल जनसंख्याको २.६ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेकाछन् जसमा महिला २.३ र पुरुष २.९ प्रतिशत रहेको छ । वि सं २०७४ मा पूर्ण साक्षरता घोषणा भएको उदयपुर जिल्लाको यस गाउँपालिकाको साक्षरता ७३.९९ प्रतिशत रहेको छ जसमा महिला साक्षरता ६६.७३ र पुरुष साक्षरता ८१.७० रहेको छ । २९.४ प्रतिशत महिला घरमूलि रहेको यस पालिकामा ८५.३ प्रतिशत महिलाहरुसँग घरजग्गामा स्वामित्व नभएको अवस्था छ । वालवालिकाको कूल जनसंख्या मध्ये ७३.६ प्रतिशत वालवालिकाहरुको मात्र जन्मदर्ता भएको अवस्था छ । राष्ट्रिय जनगणना २०७८ अनुसार कूल १५.१ प्रतिशत परिवार विदेशमा बसोवास गर्छन् भने बैदेशिक रोजगारीमा जाने ८९.८ प्रतिशत पुरुष र १०.२ प्रतिशत महिला रहेको छ । गाउँपालिकाका ९० प्रतिशत जनसंख्याले ईन्धनको रुपमा दाउराको प्रयोग गर्दछन् भने २१.२ प्रतिशतले असुरक्षित तथा खुला पानीको प्रयोग गर्दछन् । गाउँपालिकामा २९ प्रतिशत घरहरु खर तथा परालले छाएका छन् भने स्वास्थ्य तथा सरसफाई कार्यक्रम अन्तरगत समुदायमा पूर्ण सरसफाईका लागि स्वच्छता अभियानको निरन्तरता देखिन्छ । विकासको मुलधारबाट पर रहेका नागरिकहरुलाई जीवनको आधारभूत आवश्यकता परिपूर्ती गर्न साथै नागरिकको मौलिक हकको रुपमा रहेको स्वास्थ्य, शिक्षा, सुचना, सामाजिक सुरक्षा तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न गाउँपालिकाले आवश्यक प्रयासहरु गरिरहेको छ । पालिकाको वस्तुस्थिती विवरण २०७६

अनुसार पालिकामा सामुदायिक, निजि, परम्परागत तथा गुठी गरी ६६ वटा शैक्षिक संस्थाहरु संचालित छन् । जसमध्ये ५ वटा उमावि रहेका छन् भने मावि १२ वटा रहेका छन् । सामुदायिक विद्यालयहरुमध्ये ३९ वटा विद्यालयमा वाल विकास केन्द्र संचालन भएका छन् । पालिकामा कृषि विज्ञानको प्राविधिक शिक्षालय संचालन भएको छ । यसले जिल्लामा नै प्राविधिक जनशक्ति उत्पादनमा महत्वपूर्ण सहयोग गरेको छ । पालिका भित्र ८ वटा स्वास्थ्य संस्थाहरुमा ५ वटा स्वास्थ्य चौकी २ वटा आधारभूत स्वास्थ केन्द्र र १ वटा स्वास्थ्य ईकाई रहेको छन् । पालिकाले सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत यस वर्ष ३३८७ जना जेष्ठ नागरिक, दलित जेष्ठ, एकल महिला, अपाङ्गता, बालबालिकाहरुले सहयोग पाएकाछन् । गाउँपालिकाले सबै क्षेत्रको विकासमा सहजताका लागि विभिन्न विषयगत शाखाहरु र कार्यविभाजन सम्बन्धी नियमावली २०७४ को व्यवस्था गरेको छ । समुदायको आवश्यकता अनुसारको योजना निर्माण तथा कार्यान्वयनमा सहयोग पुर्याउन टोल विकास संस्था संचालन कार्यविधी २०७६ जारी गरेको छ । यसैगरी अनाथ तथा जोखिमयुक्त वालवालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधी २०७५, स्थानीय तहको उपभोक्ता समिति गठन तथा परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, सहकारी ऐन २०७५, न्यायिक समिति उजुरी किनारा गर्दा अपनाउने कार्यविधि २०७५, अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७६, युवा लक्षित कार्यक्रम संचालन कार्यविधि २०७६, वाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि २०८०, विपद् तथा जलवायू उत्थानशिल योजना २०७९, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९, निर्माण गरी राजपत्रमा प्रकाशित गरी लागू गरेको छ । गाउँपालिकामा महिला तथा समावेशीका सवालहरुमा सुचना तथा सशक्तीकरणका लागि विभिन्न समूह तथा संजालहरु (महिला संजाल, यूवा समिति, वाल समिति, जनजाती समिति) को गठन भएको छ । यसैगरी लैङ्गिक हिंसाको सम्बोधन तथा सहयोगका लागि विभिन्न संयन्त्रहरु न्यायिक समिति, मेलमिलाप समितिको निर्माण भएको छ भने लैङ्गिक हिंसा प्रभावितहरुको तत्काल सहयोगको लागि लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन भएको छ । पालिकाले यस वर्ष विभिन्न सीप मूलक तालिमहरु दालमोठ भुजिया बनाउने, जुत्ताचप्पल बनाउने, सिलाई कटाई, आरन, ढाका तालिम, चार चक्के साना गाडी ड्राईभिंग गरी ८९ जनालाई उद्यमी तथा स्वरोजगार बनाउन सफल भएको छ । आर्थिक विकासका लागि कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिका लागि कृषि पकेट क्षेत्र अन्तरगत बाख्रा पकेट क्षेत्र र आलु पकेट क्षेत्र कार्यक्रम संचालन भएको छ । यसैगरी अपाङ्गता क्षमता विकास तालिम, वालविवाह न्यूनिकरणका लागि सचेतनामूलक तालिम तथा अभिमुखिकरण, प्रजनन् स्वास्थ्य र लैङ्गिक हिंसा सम्बन्धी अभिमुखिकरण कार्यक्रम र विभिन्न दिवसको अवसरहरुमा सामाजिक सचेतनामूलक कार्यक्रमरु संचालन भएकाछन् । समुदायको स्वास्थ्यमा पहुँच पुर्याउन १५ शैयाको अस्पताल भवन निर्माण भईरहेको छ । यसैगरी पालिकाले आवश्यकता अनुसार विभिन्न ऐन, कार्यविधि निर्देशिका तथा आचार संहिताहरु निर्माण गरी विकासका गतिविधीहरुलाई नियमन तथा नियमित गर्ने विभिन्न प्रयासहरु गरिरहेको छ । आगामी दिनमा जारी भएका ऐन,

नियम, निर्देशिका, कार्यविधिहरुको प्रभावकारी कार्यान्वियन आवश्यकता अनुसार थप ऐन कानूनहरुको निर्माण तथा परिमार्जन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मर्म अनुरुप गरी प्रभावकारी कार्यान्वियन गरेमा लैंगिक मैत्री तथा समावेशी उदयपुरगढी गाउँपालिका सम्भव रहेको छ।

***यस गाउँपालिकाका सवल पक्षहरुः***

- गाउँकार्यपालिकामा समावेशी सहभागिता रहेको छ।
- पालिकाका कार्यक्रमहरुलाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यकता अनुसारका समावेशी नीतिनियम कार्यविधिहरुको निर्माण भएको छ।
- वार्षिक वजेट समावेशी बनाउने प्रयास भएको छ।
- महिला तथा विपन्नहरुका लागि उद्यमशिल (ढाका बुनाई सिलाईकटाई चप्पल बनाउने व्युटीपार्लर आदी) तालिमहरु संचालन भएको छ।
- समुदायमा रहेको परम्परागत सीपलाई परिमार्जन गर्न तालिम तथा अनुदानको व्यवस्था
- कृषि तथा पशुपालन ( दुध र केरा खेती)मा अनुदान कार्यक्रम संचालन।
- समुदायको जिविकोपार्जनमा सहयोगका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन साथै सवारीचालक तालिम संचालन
- दलित तथा जेहेन्दार बालवालिकाका लागि छात्रवृत्ति कार्यक्रम संचालन
- घरघरमा स्वास्थ्य कार्यक्रम संचालन साथै सुत्केरीलाई रातो भाले तथा सुत्केरी सामाग्रीहरु सहयोग
- युवाहरुको सृजनशिलतामा सहयोग पुर्याउन खेलकुद कार्यक्रम संचालन
- स्थानीय तहमा श्रम सुचिकरण तथा वैदेशिक रोजगारीबाट फर्किएकाहरुलाई पुनःस्थापना कार्यक्रम
- अपाङ्गता पुनःस्थापन तथा रोकथाप कार्यक्रम
- स्थानीय तहमा लैङ्गिक तथा वालवालिका सम्पर्क व्यक्तिको व्यवस्था
- महिला सशक्तीकरणका लागि पालिकामा महिला जनजाती सम्बन्धीं संजाल गठन तथा उनीहरुकै नेतृत्वमा सो सम्बन्धी पालिका स्तरीय कार्यक्रम संचालन।

**६. गाउँपालिकाको विद्यमान समस्या, चुनौती र अवसरः**

समाजमा रहेको पित्तृसत्तात्मक सामाजिक संरचना र यसवाट उत्पन्न असमान शक्ति सम्वन्धका कारण लैङ्गिक विभेद र यसको कारण हुने हिंसाको चपेटामा व्यक्ति, घरपरिवार, समाज र सिङ्गो राष्ट्र नै गाँजिएको छ। समाजमा महिला, वालवालिका, किशोरी, दलित, अपाङ्गगता, लैङ्गिक तथा यौनिक अल्पसंख्यक प्रतिको विभेदकारी दृष्टिकोण तथा व्यवहार र विषाक्त पुरुषत्वका कारण महिला वालवालिका तथा किशोरीहरु हिंसाको बढी जोखिममा रहेका छन्। विशेष गरी उनीहरुको

शिक्षा, स्वास्थ्य तथा रोजगारीमा न्यून पहुँच रहेको छ । समाजमा स्थापित विभिन्न हानिकारक सामाजिक साँस्कृतिक अभ्यासहरुले महिला, बालबालिका, किशोरी, दलित, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्तिहरु र पुरुषहरुलाई पनि नराम्रो गरी प्रभाव पारेको छ । समाजले हेर्ने गलत धारणाका कारण यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुले आफ्नो पहिचान खुलाउन सकेका छैनन् । गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवाबाट बञ्चीत, बालबिवाह, बहुविवाह, महिनावारी छुवाछुत, घरेलु हिंसा, विद्युतिय हिंसा, बोक्सीको अरोप, सम्पत्तीबाट वञ्चित, जातीय छुवाछुत, बलात्कार, यौनजन्य हिंसा, आत्महत्या जस्ता महिला तथा पछाडिपारिएको समुदाय विरुद्ध संरचनागत लैङ्गिक हिंसाहरु विद्यमान रहेको छ । विगत ७ वर्षमा न्यायिक समितिमा १०८ वटा घटना उजुरी भएका छन् । न्यायिक समितिमा लैङ्गिक हिंसाका घटना उजुरीको अवस्था अती न्यून रहेको छ । उजुरी भएका घटना मध्ये ७६ वटामा न्यायिक निरुपण गरेको छ २१ वटा विभिन्न निकायमा रेफर गरेको छ भने बाँकी प्रकृयामा रहिरहेको अवस्था छ । आ व २०८०/०८१ मा न्यायिक समितिमा जम्मा १५ वटा घटना उजुरी भएका छन् जसमा १ वटा लैङ्गिक हिंसाको घटना रहेको छ । जिल्ला प्रहरी कार्यालय उदयपुरको महिला सेलमा यस पालिकाबाट यस वर्ष ८ वटा घरेलु हिंसाका केश दर्ता भएको अवस्था छ । जसमा सबै संख्या महिलाको मात्र रहेको छ । जिल्ला प्रहरीमा दर्ता भएको केशहरु मध्ये सबै भन्दा धेरै ६ वटा आत्महत्याको रहेको छ भने ३ वटा घरेलु हिंसा र १ वटा बलात्कारको प्रयास रहेको छ । यसैगरी अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसिएमसी) मा आ व २०८०/८१ मा यस पालिकाकावाट १३ वटा लैङ्गिक हिंसाका घटना दर्ता भएका छन् । जसमा सबै प्रभावित संख्या महिलाको रहेको छ । ओसिएमसीमा दर्ता भएका घटनाहरुमा सबैभन्दा धेरै मानसिक हिंसाको ८ वटा रहेको छ । यसैगरी यौन हिंसा १ वटा, स्रोत साधनबाट बञ्चित ३ वटा र अन्य १ वटा घटना रहेका छन् । उदयपुरगढी गाउँपालिकाबाट जिल्लामा भएको सुरक्षावासमा यस वर्ष १५ जना लैङ्गिक हिंसा प्रभावितहरुले सेवा लिएका छन् । जसमा घरेलु हिंसा १२ बलात्कार २ बलात्कारको प्रयास १ र प्रभावितहरुसँग आएका आश्रीत वालवालिका ३ जना रहेका छन् । यसले महिला तथा किशोरीहरुको अवस्था जोखिमपूर्ण रहेको देखाउँदछ । न्यायिक समितिमा उजुरी भएका लैङ्गिक हिंसाको घटनाको संख्या अती न्यून देखिन्छ । तर ओसिएमसी प्रहरी तथा अन्य संघसंस्थाहरुमा सहयोगको लागि जाने लैङ्गिक हिंसाको घटनाको संख्या भने उल्लेख्य रहेको छ । यस अवस्थालाई गाउँपालिकले गहन ढङ्गबाट अध्ययन तथा विश्लेषण गरी प्रभावकारी योजनाका साथ कार्य गर्न आवश्यक रहेको देखिन्छ । पालिकामा लैङ्गिक हिंसाको सम्बोधन तथा प्रभावितलाई तत्काल सहयोगका लागि लैङ्गिक हिंसा निवारण कोषको व्यवस्था भएको छ । कोष परिचालनका लागि आवश्यक कार्यविधि निर्माण गरी गरी हिंसा प्रभावितको न्यायमा पहुँच सुनिश्चित गर्न आवश्यक रहेको छ ।

**पालिकामा देखिएका समस्या तथा चुनौतीहरुः**

- सामाजिक सचेतना तथा समानता मूलक व्यवहारगत चेतनाको कमजोर अवस्था

- लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी स्पष्ट नीति नियमहरु निर्माण हुन नसक्नु ।
- पालिकामा भएका नीति नियम तथा कार्यक्रमहरु लैससास मैत्री नहुनु र भएका पनि कार्यान्वयन नहुनु ।
- पालिकामा विषयगत जनशक्तिको कमी ।
- पालिकाको बजेटलाई लैससास मैत्री बनाउन नसक्नु ।
- लैससास सम्बन्धी सामान्य गतिविधीहरु मात्र संचालन हुनु अभियानको रुपमा जान नसक्नु ।
- महिलालाई सेवा मूलक काम तथा घरायसी काममा सिमित गरिनु ।
- लक्षित समुदायमा विनियोजन भएको बजेटको सहि सदुपयोग गर्न नसक्नु । रकमान्तर हुनु ।
- समाजमा महिला अपाङ्गता जेष्ठ नागरिक दलितहरुप्रति विभेदकारी दृष्टिकोण हुनु छोरालाई प्राथमिकता दिनु ।
- गाउँपालिकामा वास्तविक तथ्याङ्कको अभाव हुनु ।
- भौतिक संरचनालाई मात्र विकासको रुपमा बुझ्नु । सामाजिक सशक्तीकरणका कार्यक्रमलाई विकासको रुपमा बुझ्न नसक्नु ।
- भौतिक संरचनाहरु अपाङ्गता, वालवालिका, महिला मैत्री बन्न नसक्नु ।
- वैदेशिक रोजगारीमा जानेहरुलाई आवश्कय सीप प्रवर्द्धनको कमी ।
- समाजमा हिन्दु धर्ममा आधारित पित्तृसत्तात्मक सोचको वाहुल्यता
- महिलाहरुको नीति तथा कार्यक्रम कार्यान्वयनमा अर्थपूर्ण गराउन नसक्नु ।
- पालिकामा किशोरीमैत्री कार्यक्रमको कमी ।
- महिला तथा दलितहरु माथी अपमानजनक शब्द शब्दावली तथा उखान टुक्काहरुको प्रयोग
- समाजमा कुप्रथाहरु -बोक्सीको आरोप, जातीय छुवाछुत, महिनावारी छुवाछुत, वालविलाह आदी विद्यमान रहनु ।

**विद्यमान अवसरहरुः**

नेपालको संविधान २०७२ लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि एक महत्वपूर्ण कडी हो । संविधानले समाजका महिला तथा सीमान्तकृत समुदायको समान अधिकारको प्रत्याभूत गरेको छ । लैङ्गिक तथा जातीय कुनैपनि किसिमको भेदभाव तथा हिंसालाई प्रतिबन्ध गरी कानूनी रुपमा दण्डनिय बनाएको छ । समान कामको समान ज्याला, महिलाको पैतृक सम्पत्ती र वंशीय अधिकार, सहभागी हुन पाउने अधिकारलाई स्थापित गरेको छ । सामाजिक सुरक्षा, सामाजिक न्यायको हकले वञ्चितिकरणमा परेका समुदायलाई सम्मानजनक रुपमा बाँच्न पाउँने हकको सुनिश्चित गरेको छ । संघिय संरचनाले स्थानीय तहलाई एक स्वतन्त्र र अधिकार सम्पन्न स्थानीय सरकारको रुपमा व्यवस्था गरेको छ, जसले गर्दा हरेक स्थानीय तहले संघिय नीति, नियम तथा कानूनलाई कार्यान्वयन गर्न आफ्नो भूगोल र परिवेश अनुसारको नीति तथा कार्यक्रम लागू गर्न सक्ने अवसर पनि रहेको छ ।

**गाउँपालिकामा रहेका बिद्यमान अवसरहरुः**

- गाउँपालिकाले कार्यसम्पादन स्वमूल्याङ्कन गर्ने गरेको ।
- सार्वजानिक सुनवाई लैङ्गिक उत्तरदायि वजेट परिक्षण हुने गरेको ।
- समय समयमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरुमा जनचेतना मूलक कार्यक्रमहरु सचालन भईरहेको र पछाडि पारिएका समुदाय सशक्तीकरण हुँदै गरेको ।
- अवस्था र आवश्यकता अनुसार क्षमता अभिवृद्धिका लागि विषयगत तालिम गोष्ठी संचालन हुने गरेको र पालिकामा विभिन्न गैर सरकारी संस्थाहरुले समन्वय र सहकार्यमा कार्यक्रमहरु गर्ने गरेको ।
- विकास निर्माणका योजनाहरु उपभोक्ता समिति मार्फत संचालन हुने गरेको साथै उपभोक्ता समिति गठन गर्दा लैङ्गिक तथा समावेशी नीति अनुसार पछाडि पारिएका समुदायको प्रतिनिधित्व भएको ।
- गाउँपालिकामा संरचनागत रुपमा निर्माण भएका विभिन्न संघ संस्था संजाल समूह तथा क्लबहरु । जस मार्फत सामाजिक रुपान्तरणका अभियानहरु संचालन गर्न सकिनेछ ।
- गाउँपालिकाले १० वटा ऐन ६ वटा नियमावली १ आचार संहिता र २८ कार्यविधिहरु २ वटा निर्देशिका र २ वटा मापदण्डहरु जारी गरी कार्यान्वयनमा ल्याएको ।
- महिला, एकल महिला तथा सीमान्तकृत समुदायहरु विभिन्न समूह समिति तथा सञ्जालमा संगठित भएको ।
- गाउँपालिकामा १६ जना महिला जनप्रतिनिधीहरुको प्रतिनिधित्व रहेको ।
- गाउँपालिकाले शिक्षाको गुणस्तुरीयता प्रवर्द्धनका लागि शिक्षा ऐन जारी भएको शिक्षा समिति गठन भएको ।
- गाउँपालिकामा सामाजिक सशक्तीकरणका लागि मिहला संजाल, युवा क्लव, वाल क्लव सहकारीहरु सञ्चालित रहेका छन् ।
- प्राकृतिक स्रोतको संरक्षण र प्रवर्द्धन सहित कृषि र पर्यटन विकासको योजना निर्माण भएको ।
- उद्यमी तथा स्वरोजगार बनाउन विभिन्न सीप मूलक तालिमहरु संचालन गरी व्यवसायिक प्रोत्साहनका लागि अनुदानको व्यवस्था गरेको ।
- कृषि तथा पशुपालन कार्यक्रमको प्रवर्द्धनको लागि पकेट क्षेत्र कार्यक्रम संचालन साथै वहुसंख्यक समुदाय कृषि तथा पशुपालक हुनु ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको आवश्यकता

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणबारे नेपालको संविधान तथा कानूनहरुमा भएको व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन गर्न संघिय शासन स्वरुप विगतमा निर्माण भएका नीति, नियम, ऐन, कानून, कार्यविधि, लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्वन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता र नेपालले विगतमा भोगेका समस्या तथा चुनौतीहरुलाई मध्यनजर गर्दै



CamScanner

तीनीहरुको समाधान गर्न साथै सरकारले बनाउने नीति योजना तथा कार्यक्रमहरुबाट नै व्यक्ति परिवार तथा समाजको सोच र व्यवहारमा परिवर्तन ल्याउन सकिन्छ भन्ने मान्यता अनुरुप स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउन गाउँपालिकाद्वारा अवश्यकता महशुस गरिएको हो । यसर्थ उदयपुरगढी गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सवालमा *"विभेदकारी दृष्टिकोणको अन्त्य, सामाजिक न्याय सहितको सम्मून्नत सामाज हाम्रो गन्तव्य"* भन्ने दिगो सोच लिई निम्न आवश्यक्ताका साथ यो नीति तयार गरेको हो ।

- सवैधानिक रुपमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नागरिकका दायित्वाद्वारा निर्देशित सामाजिक न्याय र समावेशीकरण सम्बन्धी कानूनी प्रावधानहरु स्थानीय तहमा कार्यान्वयन गर्ने आधार तयार गर्ने ।
- राज्यका सबै संरचनाहरुमा सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायको उचित प्रतिनिधित्व गराउन नीति निर्माण तहसम्म पहुँच बढाउन र सीमान्तकृत समुदायलाई विकासको मूल प्रवाहमा समाहित गरी लैङ्गिक उत्तरदायी शासन पद्धतिको संस्थागत विकास गर्न ।
- गाउँपालिकाको विद्यमान सामाजिक असमानता र वञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरुमा भएको कमजोर अवस्था र सामाजिक आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पहुँचको अवस्थामा कमि ल्याउन ।
- दिगो विकास लक्ष्यले सन् २०३० सम्म निर्धारण गरेका सबै लक्ष्यहरु प्राप्त गर्ने आधार तयार गर्न ।
- स्थानीय सरकारले समुदायको आवश्यकताको आधारमा आवश्यक स्रोत साधनको व्यवस्थापन र समुचित प्रयोगबाट योजनाहरुको प्राथमिकीकरण सहित कार्यान्वयन गरी दिगो शान्ति सहितको समृद्धि प्राप्त गर्ने आधार तयार गर्न ।
- गाउँपालिका भित्र कार्यरत सरकारी, विभिन्न संजालहरु, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था तथा गैरसरकारी संस्थाद्वारा संचालित कार्यक्रम र वजेटलाई समेत लैङ्गिक समानता र सामाजिक समावेशीकरण प्रती उत्तरदायी बनाई स्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहिकरण गर्न ।
- समाजमा विद्यमान सबै खाले लैङ्गिक, जातीय, क्षेत्रीय, सामाजिक, आर्थिक विभेदको अन्त्य गर्न ।

माथी उल्लेखित सबै आवश्यकताहरु पुरा गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को धारा ११ उपधारा २ बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८१ तयार गिरएको हो । यस नीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरुले विभेद र हिंसा रहित समाजमा सम्मानजनक रुपमा जीवन यापन गर्न पाउने अवस्थाको सुनिश्चित हुनेछ ।

## ८. नीति निर्माणका सिद्धान्तहरु०ः

देहायका सिद्धान्तका आधारमा यस लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण गरिएको छः

1) विभेद रहित
2) सारभूत समानता
3) कोही पछाडि नछुटुन्
4) कसैलाई हानी नपुर्याउने
5) शून्य सहनशीलता
6) अर्थपूर्ण सहभागिता
7) सकारात्मक सोच
8) लोकतान्त्रीक पद्धति
9) प्रभावितको संरक्षण
10) गोपनीयता
11) न्यायमा पहुँच तथा द्रुत न्याय
12) साझेदारिता र सहकार्य
13) आत्मनिर्भरता

**९.नीति निर्माण प्रक्रियाः**

उदयपुरगढी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने क्रममा पहिलो चरणमा एकदिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यशालामा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्षहरु, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत लगाएत विषयगत शाखाका कर्मचारीहरु, महिला जनप्रतिनिधिहरु, पालिकामा कार्यरत संघसंस्थाका प्रतिनिधिहरु गरी जम्मा ३५ जनाको सक्रिय सहभागितामा गहन छलफल गरिएको थियो । छलफलबाट आएका कुराहरुलाई यस नीति निर्माण गर्ने क्रममा मुख्य आधार बनाइएको छ । नीति निर्माण कार्यलाई प्रभावकारी बनाउन पालिकामा रहेको नीति निर्माण समितिमा उपाध्यक्षको संयोजन रहने गरी सामाजिक संघसंस्थाका प्रतिनिधि पनि थप गरी ७ सदस्यीय गाउँपालिका स्तरीय कार्यसमूह गठन गरीएको थियो । गाउँपालिका स्तरीय कार्यसमूहले साझेदार संस्थाको सहकार्यमा वाडास्तरमा समावेशीमूलक सहभागितामा समूह केन्द्रित छलफल गरी समस्या पहिचान तथा सम्बोधनका लागि सुझाव संकलन गरिएको थियो । छलफलमा वार्ड अध्यक्ष तथा सदस्यहरु समुदायका महिला, कृषक, विद्यार्थी, शिक्षक, गृहणी, व्यवसायी, स्वास्थ्यकर्मी, आदीको सहभागिता रहेको थियो । यसरी यस नीति निर्माण कार्यमा ४३ महिला र ३५ पुरुष गरी जम्मा ७८ जनाको प्रतक्ष्य रुपमा सहभागिता रहेको छ ।

यसैगरी गाउँपालिकाका महत्वपूर्ण दस्तावेजहरु (गाउँपालिकाको वस्तुस्थिती विवरण २०७६ वार्षिक नीति तथा कार्यक्रम प्रतिवेदन, पालिकाको ऐन कार्यविधि तथा निर्देशिकाहरु, गाउँपालिकाको

आधिकारिक वेभसाइटमा उपलब्ध विवरणहरुको अध्ययन गरी आवश्यक सुचनाहरुलाई लिङ्को छ। राष्ट्रिय र अन्तराष्ट्रिय तहमा नेपाल सरकारद्वारा अनुमोदन गरिएका मानवअधिकार सम्बन्धी दस्तावेजहरुको अध्ययन, संघीय सरकार तथा प्रदेश सरकारद्वारा तयार गरिएका ऐन, कानुन, कार्यविधि, नीति, रणनीति, योजना साथै दिगो विकास लक्ष्य, मानव विकास प्रतिवेदन, राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन लगाएतका दस्तवेजहरुको अध्ययन, विभिन्न स्रोतबाट प्राप्त अनुभव एवं ज्ञानलाई समेट्दै नीतिको खाका तयार गरिएको हो । तयार भएको मस्यौदालाई गाउँपालिका स्तरीय कार्यसमूह, सहयोगी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुबीच छलफल गरी सुझाव संकलन गरि अन्त्यमा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु तथा कर्मचारीहरु माझ प्रस्तुत गरी छलफलमा आएका सुझावहरुलाई समावेश गरी नीति निर्माण कार्यलाई अन्तिम रुप दिइएको छ।

## ***१०.लैङ्गिक समानता र सामाजिक समावेशीकरण नीतिको दिगो सोचः***

"विभेदकारी दृष्टिकोणको अन्त्य,

सामाजिक न्याय सहितको सम्मून्नत सामाज हाम्रो गन्तव्य"

## ११. लक्ष्यः

आगामी ५ वर्ष भित्र कृषि, पर्यटन, तथा व्यापारको प्रवर्द्धन गरी महिला तथा पछाडिपारिएको समुदायको विकास निर्माण तथा नीति निर्माण र कार्यान्वयन तहमा मूलप्रवाहीकरण गरी अर्थपूर्ण सहभागिता सहित लैङ्गिक समानता र समावेशी मूल्य मान्यतामा आधारित दीर्घकालिन, परिणाममूखी चरणबद्ध योजना निर्माण तथा कार्यान्वयन द्वारा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्नु।

## १२.उद्देश्यः

लैङ्गिक हिंसा, जातीय छुवाछुत, वालविवाह लगाएतका हानिकारक अभ्यासहरुवाट समाजलाई मूक्त गरी महिला तथा पछाडिपारिएको समुदायको मानव अधिकार तथा सामाजिक न्याय सुनिश्चितताका लागि गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारीमा पहुँचको वातावरण सुनिश्चित गर्ने।

## १३. रणनीतिक उद्देश्यहरुः

* गाउँपालिकाको नीति कार्यक्रम तथा वजेटलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण प्रति उत्तरदायी बनाई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्ने।
* विकास निर्माणको लाभवाट वञ्चितमा परेका लिङ्ग जाती तथा समुदायको सशक्तीकरण गरी सार्वजिनक स्रोत साधन र लाभको उपभोगमा पहुँच तथा नियन्त्रण सुनिश्चित गर्ने।

* सरोकारवालाहरु विच लैङ्गिक समानता तथा समावेशीकरणको अवधारणागत बुझाईमा एकरुपता ल्याई यस सम्बन्धी नीतिगत व्यवस्था कार्यान्वियमा सहयोग पुर्याउने ।
* महिला तथा सीमान्तकृत समुदायको शिक्षा, स्वास्थ्य र आर्थिक समृद्धिका लागि आर्थिक, सामाजिक, राजनीतिक र सार्वजानिक जीवनमा नेतृत्वदायी- भूमिका प्रवर्द्धनका लागि नेतृत्व विकास र सशक्तीकरणमा जोड दिने ।
* राष्ट्रिय तथा अन्तराष्ट्रिय तहहरुमा लैससास सम्बन्धी गरिएका प्रतिवद्धता अनुरुप कार्यक्रमहरु संचालन गर्नु साथै राष्ट्रले तय गरेको दिगो विकास लक्ष्य प्राप्तीमा सहयोग गर्ने ।
* मानविय सहायताको समयमा महिला तथा किशोरीहरुको फरक आवश्यक्ता तथा सो समयमा हुन सक्ने विभेद र हिंसाका सवाल सम्बोधनका लागि नीति तथा कार्यक्रम निर्माण गर्ने ।

**१४.रणनीतिहरुः**

१४.१ लैङ्गिक सामानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई पालिकाको सवै विषयगत क्षेत्रहरुमा समावेश तथा संस्थागत गर्ने ।

१४.२ महिला तथा पछाडि पारिएको समुदायको अर्थपूर्ण सहभागिता सहित गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रकृयामा पहुँच अभिवृद्धि गर्ने ।

१४.३ वञ्चितिकरणमा परेका सवै लिङ्ग, जाती, वर्ग, क्षेत्र र समुदायको विकास प्रकृया र लाभको उपभोगमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।

१४.४ लैङ्गिक तथा सामाजिक समावेशी समुदायको आर्थिक सशक्तीकरण सहित उपलब्ध स्रोत साधन तथा अवसरमा न्यायोचित वितरण गरी महिला तथा पछाडिपारिएको समुदायको उद्यमशिलता तथा स्वरोजगारको वातावरण सुनिश्चित गर्ने ।

१४.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्धीत सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने ।

१४.६ गाउँपालिकामा विद्यमान परम्परागत विभेदकारी सामाजिक मूल्यमान्यताको अन्त्य गर्दै सबै प्रकारको लैङ्गिक तथा जातीय विभेद र हानिकारक अभ्यासहरुलाई शून्यमा झारि सुपोषित र स्वस्थ्य गाउँपालिका निर्माण गरिनेछ ।

१४.७ विपदको समयमा जोखिमयुक्त अवस्थामा रहेका लिङ्ग वर्ग तथा समुदायको फरक आवश्यकताको सम्मान तथा सुरक्षाको सुनिश्चितता गर्ने ।

**१५. नीति तथा कार्यनीतिहरुः**

**रणनीति नं.१: लैङ्गिक सामानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई पालिकाको सबै विषयगत क्षेत्रहरु सहित नीति रणनीति तथा कार्यविधीहरुमा समावेश तथा संस्थागत गर्ने ।**

१५.१.१ पालिकाले आफ्नो आवश्यकता अनुसार सामाजिक समावेशीकरण हुने गरी कानून तथा कार्यविधीहरु निर्माण गरी कार्यान्वियनमा ल्याउनेछ ।

१५.१.२ पालिकामा रहेका सबै विषयगत समिति तथा क्षेत्रहरुले आफु मातहतका कानून नीति कार्यविधि तथा निर्देशिका बनाउँदा लैससासको अवधारणालाई समावेश गर्ने ।

१५.१.३ पालिकाले जारी गरिसकेका नीति रणनीति कार्यविधी तथा निर्देशिकाहरुलाई लैससासको अवधारणा अनुरुप परिमार्जन गरिनेछ ।

१५.१.४ महिला तथा सीमान्तकृत समुदाय पछाडि पारिएको समुदाय निर्णय प्रक्रिया सहित अर्थपूर्ण सहभागिता तथा प्रतिनिधित्व सुनिश्चितताका लागि स्थानीय तहको प्रशासनिक संरचनाहरुमा संस्थागत कार्यप्रणाली तथा संरचनागत रुपान्तरणका लागि आवश्यक नीतिगत व्यवस्थाहरु मार्फत विकासमा मुलप्रबाहिकरण गरिनेछ ।

१५.१.५ गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, पछाडि पारिएको समुदाय र सीमान्तकृत समुदायलाई समावेशका लागि आवश्यक कार्यविधि निर्माण तथा कार्यान्वयन गरिनेछ ।

१५.१.६ भौगोलिक अवस्था अनुसार सुचनाको सहजताका लागि पालिका देखि वडा स्तरसम्म एकिकृत सूचना प्रणालीको प्रवर्द्धन गरी नागरिकहरुको सेवा तथा अवसरको पहुँच बृद्धि तथा सुचनाको हकको प्रवर्द्धन गरिनेछ ।

१५.१.७ गाउँपालिका मातहतका सबै कार्यालयहरु पालिकामा क्रियाशील संघ संस्था, समूह तथा सञ्जालहरु, निजी क्षेत्रहरुले संवेदनशील रुपमा लैससासको अवधारणा अनुरुप कार्य गरेको सुनिश्चितताका लागि नियमित र प्रभावकारी रुपमा समन्वय सहकार्य र सहजिकरण गरिनेछ ।

१५.१.८ संघ, प्रदेश तथा गाउँपालिकाले महिला, यूवा, बालबालिका, दलित, जेष्ठ नागरीक, अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य, शिक्षा, रोजगारी, सामाजिक सुरक्षा, सहभागिताका सवालमा बनाएका ऐन, नीति, नियम, निर्देशिका, कार्यविधि आचारसंहिता पूर्णरुपले कार्यान्वयन गरिनेछ ।

१५.१.९ लैङ्गिक समानता र सामाजिक समावेशीकरणको अवधारणालाई गाउँपालिकामा संचालित योजना तथा कार्यक्रमको सम्झौता फारम र योजना अनुगमन फारममा सम्बोधन गर्न सो सम्बन्धी बुँदा थप गरी सो अनुसार अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

१५.१.१० लैससास आचरण र व्यवहार एक आदर्श नैतिक विषयसमेत भएकाले सेवा प्रदायक निकायमा संलग्न जनशक्तिको सार्वजानिक र निजी कार्यशैली तदनुकुल बनाउन मार्ग दर्शन तथा आचार संहिता निर्माण गरी लागू गराईनेछ ।

**रणनीति नं. २: महिला तथा पछाडिपारिएको समुदायको अर्थपूर्ण सहभागिता सहित गाउँपालिकाको नीति निर्माण तथा निर्णय प्रकृयामा पहुँच अभिवृद्धि गर्ने ।**

१५.२.१ गाउँपालिकाले महिला तथा सीमान्तकृत समुदायको समान अवसर नेतृत्वदायी भूमिकालाई प्रवर्द्धन गर्न विकासका गतिबिधिमा सो समुदायको अर्थपूर्ण सहभागिता कार्यान्वयन सहित मूलप्रवाहीकरण गरिने नीति लिनेछ ।

१५.२.२ लैङ्गिक उत्तरदायी बजेट र लैङ्गिक उत्तरदायी बजेट परीक्षण मार्फत स्थानीय सरकारको संरचना र कार्यक्रमहरुमा समावेशी समुदायको विकास तथा सशक्तीकरणका लागि योजनाहरुको प्राथमिकीकरण तथा बजेट व्यवस्थापन गरी सकारात्मक विभेद र आरक्षणको माध्यमबाट लैङ्गिक मूलप्रवाहीकरण गर्दै लगिनेछ ।

१५.२.३ लैङ्गिक सामानता र समावेशी अवधारणाको व्यवहारीक कार्यान्वयनका लागि गाउँपालिकालाई प्रविधि मैत्री बनाई खण्डिकृत तथ्याङ्क व्यवस्थापन सहित लैङ्गिक तथा समावेशीकरणको अवस्था पहिचान तथा विश्लेषणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.२.४ गाउँपालिकाको पूँजीगत बजेटलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण मैत्री बनाई महिला, बालबालिका, आदिवासी, जनजाती, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, अल्पसंख्यक तथा पछाडिपारिएका समूहलाई प्राथमिकता दिई विकासको मूलधारमा ल्याउने कार्य गरिनेछ ।

१५.२.५ लैङ्गिक बजेट परीक्षण कार्यलाई नियमित र अनिवार्य गरी परीक्षणबाट आएका परिणामको आधारमा नतिजामुखी आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी सोको कार्यान्वयन गरिनेछ ।

१५.२.६ गाउँपालिकाका सेवा प्रदायक र सेवाग्राही दुबै पक्षका सरोकारवालाहरुलाई लैङ्गिक उत्तरदायी वजेट सम्बन्धी सुचना र जानकारी नियमित रुपमा प्रदान गर्न प्रबन्ध गर्ने यसका लागि पालिकाको सुचना प्रणाली सहित आम संचार माध्यमको प्रयोगलाई प्रभावकारी बनाईनेछ ।

१५.२.७ योजना निर्माणका चरणहरुमा लक्षित समुदायसँग छलफल गरी उनीहरुलाई नै आवश्यकता पहिचान तथा कार्यान्वयनका लागि सल्लाह सुझाव सहित जिम्मेवारी दिईनेछ । यस्ता कार्यहरुमा विकास साझेदार संस्थाहरुलाई पनि परिचालन गरिनेछ ।

१५.२.८ गाउँपालिकाको समग्र विकासको योजना निर्माण प्रकृयामा महिला तथा पछाडि पारिएका समुदायका लागि विद्यमान प्रवधानहरु र स्थानीय सरकारको जिम्मेवारीका सम्बन्धमा सु–सूचित गराउन सचेतनामूलक कार्यक्रमहरु निरन्तर संचालन गरिनेछ ।

१५.२.९ गाउँपालिका र गाउँपालिका मातहतका अन्य निकायहरु साथै निजि तथा सार्वजानिक क्षेत्रमा हुने रोजगारीका अवसरहरुमा ४५ प्रतिशत नियुक्ति लैङ्गिक तथा सीमान्तकृत समुदायको पहुँचको लागि कार्यविधि निर्माण गरी कार्यान्वियन गरिनेछ।

१५.२.१० सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, संस्थागत क्षमता स्वमूल्यांकन, लैससास सम्बन्धी मापन र परीक्षण लगायतका संयन्त्रलाई कार्यान्वियन गरी संस्थागत गर्ने। यी क्रियाकलापहरुमा महिला, वालवालिका दलित, आदिवासी जनजाति, पछाडि पारिएका समुदाय तथा विपन्न आदि वञ्चित समूहहरूको अर्थपूर्ण सहभागितामा सुनिश्चित गरिनेछ।

**रणनीति नं. ३: वञ्चितिकरणमा परेका सवै लिङ्ग, जाती, वर्ग, क्षेत्र र समुदायको विकास प्रकृया र लाभक०ो उपयोगमा न्यायोचित अवसर सुनिश्चित गर्ने।**

१५.३.१ गाउँपालिकाको वस्तुगत विवरण सहितको पाश्र्वचित्र निर्माण गरी खण्डीकृत तथ्याङ्क र तथ्यगत सूचनाको आधारमा सामाजिक तथा आर्थिक स्थितिको विश्लेषण सहित गरिब तथा वञ्चितिकरणमा परेका समूहको पहिचान गरिनेछ।

१५.३.२ सामाजिक तथा लैङ्गिक विविधताको सम्मान गर्दै वञ्चितिकरणमा परेका वर्गहरुको निरन्तर अभिमुखीकरण एवं अन्तरकृयाबाट सार्वजानिक वस्तु तथा सेवा सुविधा तथा वित्तिय स्रोतमा पहुँच अभिबृद्धि गर्ने योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५.३.३ गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधार संरचना सूचना सामाग्री र प्रदान गरिने सेवा सुविधालाई लैङ्गिक, समावेशी, अपाङ्गता मैत्री तथा बाल मैत्री बनाउन आचार संहिता निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५.३.४ गाउँपालिकामा लैंगिक समानता तथा सामाजिक समाबेशीकरण शाखा वा इकाईको स्थापना गरी गाउँपालिकामा रहेका सबै सरकारी निकायहरुमा लैङ्गिक सम्पर्क व्यक्ति तोकि सेवा प्रवाह गरिनेछ।

१५.३.५ वडा स्तर देखि नै सीमान्तकृत ताथ वञ्चितिकरणमा परेका समुदायको नक्साङ्कन गरी सो समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण सहित उनीहरुमा रहेको ज्ञान, सीप र क्षमता अभिबृद्धिका योजना तथा कार्यक्रम संचालन गरिनेछ।

१५.३.६ वडा स्तर देखि नै सीमान्तकृत ताथ वञ्चितिकरणमा परेका समुदायको नक्साङ्कन गरी सो समुदायको आर्थिक तथा सामाजिक सशक्तीकरण सहित उनीहरुमा रहेको ज्ञान. सीप र क्षमता अभिबृद्धिका योजना तथा कार्यक्रम संचालन गर्ने।

१५.३.७ बालबिवाह तथा लैङ्गिक हिंसाको जोखिममा रहेका बालिका किशोरी तथा महिलाहरुको पहिचान र अवस्था अध्ययन गरी उपयुक्त सेवाका लागि सम्पर्क विन्दुको रुपमा रहेका टोल विकास

संस्था, मेलमिलाप समिति, यूवा, बाल तथा महिला संजाल, बाल क्लब, मानवअधिकार संरक्षणका लागि क्रियाशील संस्थाहरुको क्षमता अभिबृद्धि गर्ने ।

१५.३.८ महिला, द्वन्द्व प्रभावित, दलित, अपाङ्गता भएका व्यक्तिहरु, यूवाहरुलाई संगठित गरी आत्मजागरण, नेतृत्व विकास, सवाल पहिचान तथा अभियान संचालन सम्बन्धी क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५.३.९ सरकारी तथा सामुदायिक विद्यालयको भौतिक पूर्वाधारहरु किशोरी, बालिका तथा अपाङ्गता मैत्री बनाई भौगोलिक विकटतामा रहेका बालबालिकाहरुका लागि छात्रावासको व्यवस्थापन गर्ने ।

१५.३.१० सरकारी कार्यालय तथा विद्यालय परिसर भित्र चाउचाउ, चिप्स लगाएत केमिकल मिसिएका तयारी खानेकुराहरुको पूर्ण बन्देज गरिनेछ साथै दिवा खाजा कार्यक्रममा स्थानीय स्तरमा उत्पादन हुने मकै, कोदो, फापर, जुनेलो लगाएतका स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न तथा तरकारीहरुको उपभोग तथा उत्पादनमा प्रवर्द्धन गरिनेछ ।

१५.३.११ गाउँपालिकाका पहाडी भेगका महिला बालबालिका तथा किशोरीहरुको पोषणको कमजोर अवस्थालाई सम्बोधन गर्न बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गर्ने ।

१५.३.१२ जेष्ठ नागरिकहरुको ज्ञानसीप र अनुभवलाई अन्तरपुस्ता संवाद मार्फत संरक्षण तथा सम्मान गरी जेष्ठ नागरिक पार्क तथा विश्राम गृह निर्माण गर्ने । साथै जेष्ठ नागरिकका लागि घर घरमा निःशुल्क स्वास्थ्य सेवा सहित सामाजिक सुरक्षा भत्तालाई सहज र सरल बनाउने ।

१५.३.१३ महिला तथा पछाडिपारिएको समुदायको शिक्षा तथा स्वास्थ्य सेवालाई निःशुल्क, सर्वसुलभ र गुणस्तरीय बनाउन आवश्यक कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.३.१४ स्वास्थ्य चौकीको स्तरोन्नती गरी निःशुल्क ल्याव सेवाको व्यवस्था गरी सबै वडामा आधारभूत स्वास्थ्य सेवा सहित वर्थिङ्ग सेन्टरको व्यवस्था गर्दै स्वास्थ्य संस्था लगाएत अन्य सेवा प्रदायक निकायहरुको नियमित अनुगमन गर्ने ।

१५.३.१५ गाउँपालिकामा रहेका मानव स्रोत तथा रोजगारदाताहरुको अभिलेख व्यवस्थापन गरी योग्यता र दक्षताका आधारमा रोजगारीको वातावरण निर्माण गर्ने साथै समान कामको समान ज्याला लागू गरिनेछ ।

**रणनीति नं. ४: लैङ्गिक तथा सामाजिक समावेशी समुदायको आर्थिक सशक्तीकरण सहित उपलब्ध स्रोत साधन तथा अवसरमा न्यायोचित वितरण गरी मिहला तथा पछाडिपारिएको समुदायको उद्यमशिलता तथा स्वरोजगारको वातावरण सुनिश्चित गर्ने ।**

१५.४.१ गाउँपालिकामा रहेको स्रोत, साधन, अवसर र लाभमा महिला तथा पछाडि पारिएको समुदायको पुहुँच अभिबृद्धिका लागि स्थानीय उत्पादनमा आधारीत उद्योग व्यवसाय संचालन गरी आर्थिक सशक्तीकरणका योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५.४.२ प्राविधिक शिक्षालयहरुको समन्वय तथा सहकार्यमा **एक गाउँ एक प्राविधिक** कार्यक्रम मार्फत उत्पादनमा महिला विपन्न तथा पछाडिपारिएको समुदायका युवाहरुलाई अवसर प्रदान गरी समुदायमा व्यवसायिक कृषि तथा पशुपालन फर्मको प्रोत्साहनका लागि विमा तथा अनुदान सहयोग तथा पुरस्कारको कार्यक्रम संचालन गरिनेछ।

१५.४.३ पर्यटन गुरुयोजनालाई पर्यटकीय सम्भावना रहेका प्राकृतिक पुरातात्विक तथा ऐतिहासिक धार्मिक एवं साँस्कृतिक क्षेत्रको संरक्षण, प्रवर्द्धन सहित पर्यटन व्यवसायिकताका लागि सम्बन्धीत क्षेत्रका महिला तथा युवाहरुको नेतृत्वमा रणनीतिक योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.४.४ स्थानीय समुदायको नेतृत्वमा वातावरण तथा पर्यावरण संरक्षणका लागि वनक्षेत्रमा जडिबुटि तथा बहुउपयोगी वनस्पती प्रवर्द्धन कार्यक्रमबाट वातावरण संरक्षण साथै अर्थिक उपार्जनको गतिविधि संचालन गरिनेछ ।

१५.४.५ महिला तथा पछाडिपारिएको समुदायको अगुवाईमा स्थानीय कच्चा पदार्थमा आधारीत साना उद्योग र घरेलु उद्योग स्थापनाको लागि प्रोत्साहन गर्न कर छुट, अनुदान तथा बजार व्यवस्थापनका लागि नीतिगत व्यवस्था गरिनेछ ।

१५.४.६ **"स्थानीय उत्पादनको प्रयोग गरौं र उत्पादनलाई प्रोत्साहन गराउँ"** भन्ने अभियान मार्फत रैथाने विउ संरक्षण तथा दिगो रुपमा अर्गानिक खेति प्रवर्द्धन, पोषण सुधार तथा कृषीजन्य वस्तुको प्रयोग तथा प्रसोधित सामाग्री उत्पादनका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.४.७ समाजिक पूँजी निर्माण र लगानी सम्बन्धी नीतिगत व्यवस्था गरी महिला दलित तथा सीमान्तकृत समुदायको ज्ञान र सीपलाई गुणस्तर र व्यवसायिक रुपमा प्रवर्द्धन गरिनेछ ।

१५.४.८ महिला, द्वन्द्व प्रभावित महिला, एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा विपन्नहरुको सशक्तीकरण तथा नेतृत्व विकास सहित आत्मनिर्भरताका लागि बजारको सुनिश्चितता गरी लघु उद्यम कार्यक्रम संचालन गरिनेछ ।

१५.४.९ महिला, दलित, अल्पसंख्यक, विपन्न वर्गको समुदायको आयस्तर बृद्धिका लागि उनीहरुसँग भएको सीपलाई प्रवर्द्धन गरी घरेलु साना उद्यम तथा व्यवसायका लागि प्रोत्साहन गर्न अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.४.१० वैदेशिक रोजगारीमा गएका परिवारका महिला सदस्यहरु, वैदेशिक रोजगारीबाट फर्किएर आएका व्यक्तिहरुको सीप, ज्ञान र विप्रेषणलाई व्यवस्थित र पुनर्उत्पादनमूलक बनाउन योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

१५.४.११ आन्तरिक उत्पादनको विविधिकरण र व्यवसायिकरण गरी उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धिका लागि पकेट क्षेत्र निर्माण, प्रविधी हस्तान्तरण गरी एकिकृत बजारीकरणको व्यवस्थापनका लागि भौतिक,आर्थिक तथा प्राविधिक सहयोग गरिनेछ।

१५.४.१२ आर्थिक विकासमा यूवाहरुको रचनात्मक तथा आत्मनिर्भरताका लागि यूवा सम्बन्धी विशेष नीति तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनेछ।

१५.४.१३ गाउँपालिकाले हाल सम्म सम्पन्न गरेका सीपमूलक तालिमहरुको प्रभावकारीताको अध्ययन तथा विश्लेषण गरी सोको आधारमा फरक तथा सामाजिक लैङ्गिक भूमिका रुपान्तरण गर्न सहयोग गर्ने योजना निर्माण गरी कार्यान्वयन गरिनेछ। साथै उत्पादीत सामाग्रीको बजारीकरणमा गाउँपालिकाले आवश्यक प्रवन्ध गर्ने नीति लिईनेछ।

१५.४.१४ समाजिक तथा आर्थिक रुपमा सीमान्तकृत समूह/समुदाय (दलित, विपन्न र सीमान्तकृत महिलाहरु) का लागि निःशुल्क रुपमा विभिन्न सीपमूलक तालिम संचालन गर्ने साथै तालिम पश्चात सामाग्री खरिदको लागि विउपूँजीको रुफमा पूर्ण तथा ५० प्रतिशत रकम अनुदान सहयोग गर्ने नीति लिईनेछ।

१५.४.१५ महिलाहरुको आर्थिक सशक्तीकरणका लागि पर्यटन प्रवर्द्धन मार्फत महिलाहरुको नेतृत्वमा होम स्टे लाई व्यवस्थित रुपमा संचालन गर्ने।

**रणनीति नं. ५: लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बन्धीत सरोकारवालाहरुको क्षमता अभिबृद्धि गर्ने।**

१५.५.१ लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी संविधान कानून तथा अन्तराष्ट्रिय दस्तावेजहरुमा गरिएका प्रतिवद्धताहरुको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सचेतीकरण तथा क्षमता विकास गर्ने नीति अवलम्बन गरिने छ।

१५.५.२ गाउँपालिकाका सबै जनप्रतिनिधिहरु र कर्मचारीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी राष्ट्रिय, अन्तराष्ट्रिय जवाफदेहिता संयन्त्र बारेमा क्षमता विकासका कार्यक्रम संचालन गर्ने।

१५.५.३ लैङ्गिक उत्तरदायी वजेट अवधारणागत स्पष्टताका लागि जनप्रतिनिधि, कर्मचारी लगाएत अन्य सरोकारवालाहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने।

१५.५.४ संविधान ऐन कानून लगाएत अन्तराष्ट्रिय महासन्धीहरु र नयाँ कानूनी प्रावधानहरुको बारेमा धारणागत स्पष्टताका लागि कार्यक्रम संचालन गर्ने।

१५.५.५ दिगो विकास लक्ष्य प्राप्तिका लागि संघीय तथा प्रदेश सरकार लगाएतले निर्माण गरेका योजना अनुसार स्थानीय तहले योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.५.६ राष्ट्रिय योजना आयोग, प्रदेश योजना आयोगले निर्माण गरेको आवधिक योजनालाई सहयोग पुग्ने गरी साथै पालिकाको दीर्घकालीन विकासलाई टेवा पुग्ने गरी पालिकाको वस्तुगत विवरण सहित आवधिक योजना निर्माण गर्ने ।

१५.५.७ समुदायमा सञ्चालन हुने विकास निर्माणका उपभोक्ता समिति, लाभान्वित समूहहरुलाई टोल विकास संस्था तथा वडा तथा पालिका स्तरका संजालका सदस्यहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको बारेमा धारणागत स्पष्टताका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१५.५.८ गाउँपालिका भित्र श्रम डेस्कको स्थापना गरी श्रमिकहरुको सुचिकृत गर्नुका साथै श्रम ऐन २०७४ कार्यान्वयनका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयन गर्ने ।

१५.५.९ गाउँपालिकाले वार्षिक रुपमा मनाईने विभिन्न दिवसिय कार्यक्रमहरु( जेष्ठ १६ गतेको राष्ट्रिय महिला दिवस, मानव बेचविखन विरुद्धको राष्ट्रिय दिवस, महिनावारी स्वच्छता दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान, अन्तराष्ट्रिय आप्रवासन दिवस, अन्तराष्ट्रिय श्रमिक महिला दिवस, जातीय भेदभाव विरुद्धको दिवस आदि ) लगाएतका दिवसिय कार्यक्रमहरु स्थानीय समूह, संजाल, टोलविकास संस्था आदिको नेतृत्वमा संचालन गर्ने ।

१५.५.१० संवैधानिक हक, महिला अधिकार, देवानी तथा फौज्दारी संहिता र कार्यविधि, श्रम ऐन सम्बन्धी समाजिक सचेतनाका लागि स्थानीय संघ संस्था तथा सञ्जालको सहकार्यमा अभियान संचालन गर्ने ।

१५.५.११ विद्यालय, टोल विकास संस्था, नागरिक समाज तथा स्थानीय संघ संस्थाहरु सँगको समन्वय र सहकार्यमा समुदायमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सन्धि, महासन्धि, राष्ट्रिय नीति, कानून तथा कार्यविधिको बारेमा सचेतनामूलक अभियानहरु सञ्चालन गर्ने ।

१५.५.१२ गाउँपालिकाले महिलाको कामको मान्यता र पहिचान स्थापित गर्न अनौपचारीक रुपमा काम गरिरहेका महिला श्रमिकहरुलाई संगठित गरी समान कामको समान र मर्यादित जीवन बाँच्न पुग्ने ज्याला व्यवस्थापनका लागि कार्यविधि बनाइ लागू गर्ने ।

१५.५.१३ गाउँपालिकाले सञ्चालन गरेका कार्यक्रम तथा बनाएका नीति नियमहरुको वारेमा स्थानीय संचारमाध्यमहरुसँगको समन्वय र सहकार्यमा स्थानीय भाषामा सबैले जानकारी पाउने गरी सुचना सम्प्रेषण गर्ने ।

**रणनीति नं.६: गाउँपालिकामा विद्यमान परम्परागत विभेदकारी सामाजिक मूल्यमान्यताको अन्त्य गर्दै सबै प्रकारको लैङ्गिक तथा जातीय विभेद र हानिकारक अभ्यासहरुलाई शून्यमा झारि सुपोषित र सवस्थ्य गाउँपालिका निर्माण गर०ने ।**

१५.६.१ विभिन्न सचेतना तथा अभियानहरु मार्फत समाजमा लिङ्ग, जाति, वर्ग, धर्म, क्षेत्रका आधारमा हुने सबै किसिमको विभदको अन्त्य हुने वातावरण निर्माण गरिनेछ ।
१५.६.२ गाउँपालिका भित्र लैङ्गिक तथा जातीय विभेदको जोखिममा रहेका समुदायहरुको अध्ययन तथा स्थिति विश्लेषण गरिनेछ ।
१५.६.३ महिलाको सेवामूलक काम तथा कार्यबोझ घटाउनका लागि सामाजिक परम्परागत भूमिकामा रुपान्तरण गर्न दीर्घकालिन रुपमा परिणाममूखी कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.६.४ बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति कार्यान्वयनका लागि सबै सरोकारवालाहरुसँगको सहकार्यमा साझा कार्ययोजना निर्माण गरी बाल विवाह मूक्त गाउँपालिका अभियान संचालन गरिनेछ ।

१५.६.५ पुरुषहरुलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा मानवअधिकार सम्बन्धी विषयमा क्षमताअभिबृद्धि गरी परम्परागत हानिकारक सामाजिक मूल्य मान्यता र अभ्यास तथा परम्परागत लैङ्गिक भूमिका परिवर्तन गर्न पुरुषहरुको अगुवाईमा सामाजिक अभियान संचालन गरिनेछ ।

१५.६.६ स्थानीय तहको संयोजन तथा टोल विकास संस्था सहकारी महिला संजाल यूवा संजाल वाल क्लव सामुदियक वन तथा अन्य संघसंस्थाहरुको अगुवाईमा लैङ्गिक तथा जातीय विभेद र महिला माथि हुने हिंसा अन्त्यका लागि अभियान मूलक गतिविधिहरु संचालन गरिनेछ । साथै उदाहरणिय काम गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गरिनेछ ।

१५.६.७ विद्यालयलाई लैङ्गिक तथा यौनिक हिंसा मुक्त बनाउन विद्यालयमा सम्पर्क व्यक्तिको व्यवस्था साथै गुनासो पेटिकाको व्यवस्था गरिनेछ । बाल विवाह, लैङ्गिक विभेद र यौनिक हिंसाको जोखिममा रहेका बालिका तथा किशोरीहरुलाई मनोसामाजिक विमर्श सेवाको सुनिश्चितता गरिनेछ ।

१५.६.८ लैङ्गिक हिंसा प्रभावित महिला तथा किशोरीहरुको न्यायमा पहुँच बृद्धिका लागि सुरक्षावास सहित आवश्यक सहयोग (उद्धार, मनोविमर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, पुनर्स्थापना सेवा आदि) का लागि लैङ्गिक हिंसा निवारण कोष संचालन कार्यविधी निर्माण गरी लागू गरिनेछ ।

१५.६.९ हिंसा, तनाव, महामारी तथा विभिन्न रोगहरुको प्रभावका कारण बढ्दो मानसिक स्वास्थ्य समस्याको अवस्थालाई सम्बोधन गर्न स्वास्थ्य संस्थामा मनोविमर्शकर्ताको व्यवस्था साथै समुदायस्तरमा मनोसामाजिक स्वास्थ्य परामर्श कार्यक्रम संचालन गरिनेछ ।

१५.६.१० सर्वपक्षिय र सर्वदलिय बृहद सचेतना मूलक कार्यक्रम मार्फत आवश्यक सूचक सहित कार्ययोजना निर्माण गरी **जातीय छुवाछुत मुक्त गाउँपालिका घोषणा** कार्यक्रम गरिनेछ ।

१५.६.११ समुदाय तथा परिवारमा हुने घरेलु हिंसा, लैङ्गिक हिंसा, छोरा र छोरी बिचमा गरिने विभेद जस्ता हानिकारक सोच तथा व्यवहारलाई निरुत्साहित गर्न संघसंस्थाहरुको सहकार्यमा **परिवर्तन घरैबाट** अभियान संचालन गरिनेछ ।

१५.६.१२ महिला (गृहणी महिला, एकल महिला, किशोरी, अपाङ्गता भएका महिला, हिंसा प्रभावित महिला,यौनिक तथा लैङ्गिक अल्पसंख्यक) को सुरक्षित मातृत्व, यौन तथा प्रजनन् स्वास्थ्य अधिकारलाई थप सुनिश्चत गर्न एकिकृत स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

१५.६.१३ स्थानीयतहका जनप्रतिनिधि, न्यायिक समिति, मेलमिलाप समितिलाई न्यायिक क्षेत्राधिकार, कानून तथा सामाजिक न्याय सहित स्थानीय सरकारको ऐन कानूनको वारेमा विषयगत क्षमता अभिबृद्धि गरी हिंसा प्रभावितको न्यायमा सहज पहुँचका लागि वातावरण निर्माण गरिनेछ ।

१५.६.१४ महिला, बालिका तथा किशोरी प्रति गरिने घरेलु हिंसा लगाएत सामाजिक रुपमा राखिने गलत सोच तथा व्यवहार परिवर्तन गर्न विभिन्न विषयहरुमा पारिवारीक संवाद, अन्तरपुस्ता संवाद, दम्पती अभिमुखिकरण, उदाहरणिय दम्पती, शिक्षक विद्यार्थी परिसम्वाद, धार्मिक गुरु तथा धामीझाँक्रीहरुसँग अन्तरकृया, सचेतना मूलक सडक नाटक लगाएतका कार्यक्रमहरु संचालन गरिनेछ ।

**रणनीति नं.७: विपदको समयमा जोखिमयुक्त अवस्थामा रहेका लिङ्ग, वर्ग तथा समुदायको फरक आवश्यकताको सम्मान तथा सुरक्षाको सुनिश्चितता गर्ने ।**

१५.७.१ विपद तथा माहामारीका समायमा गरिने मानविय सहयताका कार्यक्रमहरुलाई महिला (गर्भवती, सुत्केरी) किशोरी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक तथा जेष्ठ नागरिकहरुको फरक आवश्यकता र सो समयमा हुनसक्ने विभेद, हिंसा, स्वास्थ्य, पोषणका सवाललाई सम्बोधनका लागि विषेश नीति तथा कार्यक्रम निर्माण गरिनेछ ।

१५.७.२ विपद तथा महामारीको समयमा उच्च जोखिममा रहेका महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित जेष्ठ नागरिकहरुको विशेष संरक्षण तथा सम्बोधनका लागि पालिका स्तरिय संरक्षण समिति तथा विपद व्यवस्थापन समितिहरुमा पालिकाका महिला समुह संजाल तथा अगुवा महिलाहरुलाई सहभागिता गराउने साथै प्रभावितहरुका लागि तत्काल सहयोग तथा सम्बोधन गरी व्यवस्थापन गर्न छुट्टै कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.७.३ विपद तथा प्रकोपको बढी जोखिम क्षेत्रको सामाजिक नक्साङ्कन तथा जोखिमको अवस्थाको मापन गरी आकस्मिक वजेट सहित आवश्यक सहयोगको पूर्व तयारीका रुपमा खण्डीकृत तथ्याङ्क र

सम्प्रेषण ढाँचाका साथ सबैको सहकार्यमा तत्काल सहयोग गर्ने योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

१५.७.४ विपदको जस्तोसुकै अवस्थामा पनि हिंसा प्रभावित महिला तथा कशोरीहरुले आफुमाथि भएको हिंसालाई सहज रुपमा उजुरी गर्ने र न्याय पाउने वातावरण तयार गर्ने । यस समयमा हटलाईन तथा हेल्पलाइन नम्बरहरुको व्यवस्था गरिनेछ ।

१५.७.५ विपद प्रभावितको राहत प्याकेजमा महिला, किशोरी, गर्भवती महिला, सुत्केरी महिला, अपाङ्गगता भएका महिला, बृद्धा, लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकतालाई सम्बोधन हुने सामाग्रीहरु जस्तै सरसफाइ सामाग्री, महिनावारी प्याड, सर्वोत्तम पिठो, न्यानो कपडा आदी लगाएतका सामाग्रीहरु सहितको राहत प्याकेज निर्माण गरी सहयोग गरिनेछ ।

१५.७.६ विपद तथा माहामारीको समयमा यौन तथा प्रजनन् स्वास्थ्य समस्याका वारेमा महिला तथा कशोरीहरुले खुलेर आफ्ना कुरा भन्न सक्ने तथा सम्बोधन गर्ने स्वास्थ्य संयन्त्रको सेवा प्रवाह हुने वातावरण निर्माण गरिनेछ ।

१५.७.७ विपद तथा जोखिमको अवस्थामा समुदायमा पर्ने मनोसामाजिक समस्याको सम्बोधनका लागि मनोसामाजिक परामर्श/ मनोविमर्श सेवालाई अनिवार्य रुपमा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

१५.७.८ विपद् र प्रकोप नियन्त्रणका लागि जोखिमयुक्त सबै घरधुरीमा विपद् पूर्व सजगता सुचना (SMS) प्रवाह हुने व्यवस्था गरिनेछ ।

१५.७.९ जलवायू न्यायलाई महिला तथा आदिवासी जनजातीको अधिकतम हितमा प्रकृतिक स्रोत तथा साधानहरुको उपयोग हुने वातावरण निर्माण गरिनेछ ।

१५.७.१० विपद् व्यवस्थापनमा महिलाहरुको नेतृत्वदायि भूमिकाको सम्मान गरी वडा तह सम्म निर्माण भएका समितिहरुमा अर्थपूर्ण सहभागी गराईनेछ ।

## १६.नीति कार्यान्वयनको जिम्वेवारी तथा दायित्वः

यस लैङ्गिक समानता तथ सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि देहाय बमोजिमको व्यवस्था गरिनेछः

* लैङ्गिक समानता नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन तहमा लैजान आवश्यक्ता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख दायित्व पालिका स्तरीय समितिका प्रमुख लगाएत सदस्यहरुको रहनेछ ।
* नीतिले परिकल्पना गरे अनुसार आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका निर्माण गरी कार्यान्वयन गर्नेछ ।

* यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै जनप्रतिनिधिहरु, वडा, टोल स्तरीय समितिका सदस्यहरु लगाएत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहनेछ । साथै विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील बनाउन पालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ ।
* स्थानीय सरकारले नीति कार्यान्वयनको लागि आवश्यक जनशक्तिको विकास तथा क्षमता अभिबृद्धिमा पनि जोड दिनेछ । तर्जुमा भएका नीति, रणनीति, कार्यविधि तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि संयोजन गर्ने बजेटको व्यवस्था गर्ने अनुगमन गर्ने कर्यको गाउँपालिका स्तरीय समिति जिम्मेवार रहनेछ ।
* नीति कार्यान्वयनका लागि आवश्यकता अनुसार विस्तृत रुपमा कार्ययोजना निर्माण गरी लागू गरिनेछ ।

**१७. आर्थिक व्यवस्थाः**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयनका लागि लाग्ने स्रोत साधन व्यवस्था गर्नु स्थानीय तहको प्रमुख दायित्व हुनेछ । यसका लागि स्थानीय तहको मातहतका निकायले आ–आफ्नो योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन प्रक्रियामा जोड दिन आवश्यक हुनेछ । लैङ्गिक उत्तरदायी बजेटलाई स्थानीयकरण गरी यसका लागि हाल संचालन भैरहेको बजेट नीति तथा कार्यक्रमहरलाई कसरी लैङ्गिक मैत्री समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन सकिन्छ भन्ने कुरा महत्वपूर्ण रहन्छ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि मापदण्ड, निर्देशिका निर्माण दक्ष जनशक्तिको आपूर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे गाउँपालिकाको विषयगत समितिहरुबाट छलफल गरी लैङ्गिक उत्तरदायि बजेटको अवधारणा अनुरुप कार्ययोजना निर्माण गर्नेछ । संघ तथा प्रदेशले लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजन गरेका बजेटहरुको अध्ययन गरी सम्बन्धीत निकायमा प्रस्तावना पेश गरी आवश्यक बजेट ल्याउन सक्छ साथै सरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकायहरुसँग पनि समन्वय गरी थप बजेट ल्याउन सकिन्छ ।

**१८. कानूनी व्यवस्थाः**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई गाउँसभा तथा कार्यपालिकाको बैठकले अनुमोदन गरी कार्यान्वयनमा ल्याउनेछ । यो नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान कानून नियमावली तथा कार्यविधि र कार्ययोजनाको व्यवस्था गर्न जरुरी हुन्छ । अतः गाउँपालिकाले एक वर्ष भित्रमा कानून, नियमावली र कार्यविधिको तर्जुमा गरी कार्ययोजनाका साथ कार्यान्वयनमा लानेछ ।

**१९. नीति कार्यान्वयन तथा अनुगमनः**

नीतिको प्रभावकारी कार्यान्वयनका लागि समन्वय सहजीकरण र अनुगमन गर्न आवश्यक हुन्छ । यस नीतिको कार्यान्वयनको अवस्था अध्ययन तथा समीक्षाका साथै नियमित अनुगमन गर्ने व्यवस्थाका लागि गाउँपालिका स्तरीय र वडा स्तरीय एउटा समिति गठन गरी कार्यक्षेत्र तथा जिम्मेवारी सहितको उत्तरदायित्व निर्वाह गर्नेछ । सो कार्यका लागि गाउँपालिकाले आवश्यकता र प्राथमिकताको आधारमा पदाधिकारीहरुको चयन गर्नेछ । समितिले प्रस्तुत नीतिको कार्यान्वयनबाट निर्धारित उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल भए नभएको र यसबाट परेको प्रभावबारे आवधिक रुपमा मूल्याङ्कन गर्ने कार्य गाउँपालिकाको सामाजिक विकास समितिको समन्वयमा गर्नेछ । जसमा देहाय बमोजिमका अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

**१९.१ गाउँपालिका स्तरीय समितिः**

| क्र सं | विवरण | जिम्मेवारी |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | संयोजक |
| २ | गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| ३ | कार्यपालिकाका सदस्यहरु | सदस्य (१ जना महिला सहित २ जना) |
| ४ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहित लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने विषय विज्ञ तथा संघ संस्थाका प्रतिनिधि | (गाउँकार्यपालिका वा अध्यक्षले मनोनयन गरेका २ जना १ जना महिला सहित) |
| ६ | गाउँपालिकाको सम्बन्धीत विषयगत शाखाको प्रमुख, | सदस्य सचिब |

प्रत्येक वडा स्तरमा देहाय बमोजिमको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन समिति रहने छ ।

**१९.२ वडास्तरीय समितिः**

| क्र सं | विवरण | जिम्मेवारी |
|---|---|---|
| १ | वडाको वडा अध्यक्ष | संयोजक |
| २ | वडाको वडा सदस्यहरु | सदस्य |
| ३ | सम्बन्धीत वडा समितिले लक्षित वर्गको क्षेत्रमा कार्य गर्ने व्यक्ति वा संस्थाबाट मनोनित गरेका | बढीमा २ जना सदस्यहरु (१ जना महिला) सदस्य |
| ४ | वडाको वडा सचिवः | सदस्य सचिब |

## २०. गाउँपालिका स्तरीय समिति/ वडा स्तरीय समितिको काम कर्तव्य र अधिकार

### २०.१ गाउँपालिका स्तरीय समितिको काम कर्तव्य र अधिकारः

1) गाउँपालिका भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएका समुदायको खण्डीकृत तथ्याङ्क संकलन एवं विश्लेषण गर्ने ।
2) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको समग्र स्थितिको अध्ययन गरी तत् सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा गाउँसभा समक्ष सिफारिस गर्ने ।
3) संघ तथा प्रदेश सरकारबाट भएका रणनीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने गराउने ।
4) लैङ्गिक, आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको हक, हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि स्थानीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि गाउँसभा समक्ष सिफारिस गर्ने ।
5) यस रणनीतिसँग सम्बन्धीत कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्ने तथा आवश्यक सुझाव दिने र कार्यक्रम कार्यान्वयनको समीक्षा ,अनुगमन तथा मूल्याङ्कन गर्ने ।
6) गाउँपालिकाको नियमित रुपमा लैङ्गिक तथा सामाजिक समावेशी बजेट परीक्षण गर्ने ।
7) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सँग सम्बन्धीत अन्तराष्ट्रिय सन्धी सम्झौताहरुको समन्वय, सहकार्य , सहजीकरण र कार्यान्वयन गर्ने गराउने ।
8) गाउँपालिका क्षेत्र भित्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणसँग सम्वन्धी काम गर्ने संघ संस्थासँग समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

## २०.२ वडा समितिको काम कर्तव्य र अधिकारः

1) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक ,अपाङ्गता, आदिवासी, जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएको समुदायको खण्डीकृत तथ्याङ्क संकलन गर्ने ।
2) वडाभित्र योजना छनौट प्रकृयामा महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक समुदायको सहभागिता अनिवार्य गर्ने ।
3) वडा भित्रको महिला, बालबालिका, युवा, जेष्ठ नागरिक, अपाङ्गता, आदिवासी जनजाती, मधेशी, मुस्लिम, अल्पसंख्यक तथा अन्य आर्थिक, भौगोलिक, सामाजिक तथा साँस्कृतिक दृष्टिले पछाडि पारिएका समुदायको हक हितको सरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि कार्यक्रम बनाई गाउँपालिकामा पेश गर्ने ।
4) यस नीतिसँग सम्बन्धीत कार्यक्रम तथा योजना कार्यान्वयनमा सहयोग गर्न क्षमता अभिबृद्धिको क्षेत्र पत्ता लगाउने र उनीहरुको कार्यक्रमलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मैत्री बनाउन सहजीकरण गर्ने ।

## २१. जोखिम तथा जोखिम न्यूनीकरणका लागि गाउँपालिकाले ध्यान दिनुपर्ने कुराहरुः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिको प्रकृति र स्वरुप विस्तृत हुनुका साथै बहुपक्षीय सरोकारको विषय भएकोले यसको सफल कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छः

| क्र. सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु |
|---|---|---|
| १. | यो नीति सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुमा साझा बुझाइमा एकरुपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने सम्भावना | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नेतृत्व तथा सरोकारवालाहरुको साझा बुझाइमा एकरुपता ल्याउन तालिम, गोष्ठी तथा छलफलको आयोजना गर्ने । |
| २. | पितृसत्तात्मक सोच हावी रहेको सन्दर्भमा यस नीतिले महिला तथा बालबालिकालाई मात्र प्राथमिकतामा राख्छ भन्ने भ्रमपूर्ण बुझाईका कारण नीति कार्यान्वयनमा गतिरोध उत्पन्न हुन सक्छ । | महिला तथा सीमान्तकृत समुदायका जनप्रतिनिधिहरु यो नीति कार्यान्वयन गर्नको लागि पूर्ण प्रतिबद्ध भई कार्य गर्ने । |
| ३. | सार्वजानिक तथा निजी क्षेत्रका सबै संरचनाहरुमा महिला तथा सीमान्तकृत समुदायको समानुपातिक सहभागिता नहुँदा यस नीतिको कार्यान्वयन तथा अनुगमन सही ढङ्गबाट नहुन सक्छ । | पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आवश्यक सूचक निर्माण गरी कार्यान्वयनका लागि प्रोत्साहन गर्ने र सम्बन्धीत कार्यहरुको नियमित समीक्षा गर्ने । |
| ४. | यो नीति लागू गर्ने सम्बन्धमा राजनीतिक इच्छाशक्ति कम भएमा नीति कार्यान्वयनमा कठिनाई हुने सम्भावना रहन्छ । | स्थानीय तहमा कार्यरत कर्मचारीहरुले यस नीति कार्यान्वयनका लागि प्रतिबद्ध भई सहयोग गर्ने । |
| ५. | यस नीति कार्यान्वयनमा दक्ष जनशक्ति तथा वित्तिय स्रोतको अभावमा गतिरोध उत्पन्न हुन सक्छ । | संघ, प्रदेश र स्थानीय तहबाट जारी भएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा कार्यक्रमहरु सम्बन्धमा कर्मचारीहरुको |



अध्यक्ष
उदयपुरगढी गाउँपालिका

अनुसूची १

अध्ययन सामाग्रीहरुः

- नेपालको संविधान, २०७२
- पन्ध्रऔं योजनाको आधारपत्र, २०७६ / ७७/-२०८० /८१
- दिगो विकास लक्ष्य
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय स्वास्थ्य नीति, २०७६
- राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
- महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, "राष्ट्रिय लैङ्गिक समानता नीति २०७७"
- लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५
- मानवअधिकारर सम्बन्धी विभिन्न दस्तावेजहरु
- बहुआयामिक गरीबी सूचकांक (MPI- report2018)
- सामाजिक विकास मन्त्रालयको वेभसाइट, कोशी प्रदेश
- बाल विवाह बिरुद्धको राष्ट्रिय रणनीति, २०७२
- मानसिक स्वास्थ्य नीति, २०७७
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७
- वेभसाइट र अनलाईनमा उपलब्ध विषयवस्तु सँग मिल्ने लेखहरु
- उदयपुरगढी गाउँपालिकाको वेभसाइट
- उदयपुरगढी गाउँपालिकेो वार्षिक नीति तथा कार्यक्रम, २०८० /८१
- स्थानीय तहको सामाजिक सुरक्षा सम्बन्धी अभिलेख
- न्यायिक समितिको अभिलेख
- जिल्ला प्रहरी कार्यालयको तथ्याङ्क
- ओसिएमसीको तथ्याङ्क

अनुसूची २ सिद्धांन्तहरुः

-क_ अविभेद (Non-discrimination) M यो नीति कार्यान्वयनको सिलसिलामा महिला पुरुष लैङ्गिक तथा यौनिक अल्पसंख्यक बालबालिका जेष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्तिहरु जातजाति लिङ्ग वर्ण आर्थिक सामाजिक शारीरिक स्थिति वा भौगालिक अवस्थितिका आधारमा भेदभाव गरीने छैन ।

-ख_ सारभूत सामानता (**Substantive equality**) **M** यो नीतिले लैङ्गिकताका सवालमा सरभूत समानताको सिद्धान्तलाई आत्मसात गरेको छ ।

-ग_ कोहि पछाडि नछुट्न् (**No one leave behind**) **M** यस नीतिले दिगो विकास लक्ष्यको कोही पनि नछुटुन् भन्ने अवधारणालाई अपनाएको छ ।

-घ_ कसैलाई हानी नपुर्याउने (Do no harm) M यस नीतिले कसैलाई पनि हानी वा क्षती नपुर्याउने सिद्धान्त लिएको छ ।

-ङ_ शून्य सहनशीलता (Zero tolerance) M यो नीति तथा कार्ययोजनाको कार्यान्वयनको शिलशिलामा लैङ्गिक हिंसाका घटनाहरुमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

-च_ सकारात्मक सोच (Appreciative inquiry) M यो नीति सकारात्मक सोच तथा परिवर्तन संभव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तवाट निर्देशित छ ।

-छ_ अर्थपूर्ण सहभागिता (Meaningful participation) M यो नीतिले सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसैको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरुको अर्थपूर्ण सहभागितालाई महत्व दिईएको छ ।

-ज_ **प्रभावितको संरक्षण** (Protection of the survivors) M यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउनु पर्दछ र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ ।

-झ_ **गोपनियताको अधिकार** (Rights to Privacy) M यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको गोपनियताको अधिकार्लाई सुनिश्चित गरेको छ ।

-ञ_ **न्यायमा पहुँच तथा द्रुत न्याय** (Fast track court) M यो नीति उत्पिडनमा परेका वर्ग तथा समुदायको न्यायमा केन्द्रित रहेको छ र लैङ्गिक हिंसा प्रभावितहरुको लागि द्रुत न्यायको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

-ट_ **साझेदारिता र सहकार्य** (Partnership and collaboration) M यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा मूख्य सरोकारवालाहरुको समन्वय साझेदारीता र सहकार्यलाई प्राथमिकतामा राखिएको छ ।

-ठ_ लोकतान्त्रिक पद्धति (Democratic system) M लोकतान्त्रिक पद्धतिलाई गाउँपालिकाको हरेक प्रकृयामा आत्मसात गरि रुपान्तरणमूखि सोचवाट नेतृत्व शैलीमा परिवर्तन गर्नेछ ।

-ड_ **आत्मनिर्भरता** (Self reliance) M यो नीतिले महिला तथा पछाडि पारिएको हरेक समुदायको जीवनमा आत्मनिर्भरतालाई मूलमन्त्रको रुपमा लिनेछ ।

अनुसूची ३

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति निर्माण कार्यसमूहको नामावलीः

| क्र. सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | | उपप्रमुख | संयोजक |
| २. | | सदस्य | वार्ड अध्यक्ष वार्ड नं १ |
| ३. | | सदस्य | वार्ड अध्यक्ष वार्ड नं २ |
| ४. | | सदस्य | वार्ड अध्यक्ष वार्ड नं ४ |
| ५. | | सदस्य | वार्ड अध्यक्ष वार्ड नं ५ |
| ६. | | सदस्य | कार्यपालिका सदस्य |
| ७. | | सदस्य | स्वास्थ्य शाखा |
| ८. | | सदस्य | शिक्षा शाखा |
| ९. | | सदस्य | महिला तथा बालबालिका शाखा |
| १०. | | सदस्य सचिव | सामाजिक विकास शाखा |

वडास्तरीय समुह केन्द्रित छलफल (FGD) का सहभागीहरुको विवरणः

वार्ड नं ५

| क्र सं | सहभागीको नाम | समुह/ संस्था/ पद | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | लिलामाया कार्की | चेतनशिल महिला कृषक समुह अध्यक्ष | ५२ | सामान्य | कृषि | |
| २ | झुकमाया राई | सदस्य | ४८ | सामान्य | कृषि | |
| ३ | जानुका सुनार | सदस्य | ४० | सामान्य | कृषि | |
| ४ | शान्ता कुमारी राई | सदस्य | ३० | एसएलसी | कृषि | |
| ५ | सरिता भण्डारी | सदस्य | ३८ | सामान्य | कृषि | |
| ६ | जानकुर राउत | सदस्य | ३५ | सामान्य | कृषि | |
| ७ | सिता देवी सुनुवार | सदस्य | २९ | सामान्य | कृषि | |
| ८ | मन्दिरा श्रेष्ठ | सदस्य | ४५ | सामान्य | कृषि | |
| ९ | डम्मर कुमार राउत | सदस्य | ५२ | सामान्य | कृषि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | इन्द्र कुमार सुनुवार | सदस्य | ६० | सामान्य | कृषि | |
| ११ | टंकिमाया श्रेष्ठ | सदस्य | २५ | सामान्य | कृषि | |
| १२ | रामकृष्ण सुनुवार | सदस्य | ५४ | सामान्य | कृषि | |
| १३ | लाल बहादुर सुनुवार | सदस्य | ७० | सामान्य | कृषि | |
| १४ | डम्मर बहादुर सुनुवार | सदस्य | ७६ | सामान्य | कृषि | |
| १५ | टिका भण्डारी | सदस्य | ४५ | समान्य | कृषि | |

**वार्ड नं ४**

| क्र सं | सहभागीको नाम | समुह/ संस्था/ पद | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सुष्मा मगर | महिला कृषक समुह सदस्य | ३८ | सामान्य | कृषि | |
| २ | चरीमाया तामाङ्ग | सदस्य | ३५ | १२ कक्षा | कृषि | |
| ३ | लक्ष्मी तामाङ्ग | सदस्य | ३५ | १२ कक्षा | कृषि | |
| ४ | महेश तामाङ्ग | सदस्य | ३६ | सामान्य | कृषि | |
| ५ | सृजना मगर | सदस्य | ३६ | सामान्य | कृषि | |
| ६ | ध्रुव कुमार घले | सदस्य | ४७ | सामान्य | कृषि | |
| ७ | धनराम तामाङ्ग | सदस्य | ७० | सामान्य | कृषि | |
| ८ | दुर्गा बहादुर तामाङ्ग | सदस्य | ५४ | सामान्य | कृषि | |
| ९ | विमा राई | सदस्य | ३५ | सामान्य | कृषि | |
| १० | झकुमाया राई | सदस्य | | सामान्य | कृषि | |
| ११ | हस्त कुमारी वि क | सदस्य | | सामान्य | कृषि | |

**वार्ड नं ८**

| क्र सं | सहभागीको नाम | समुह/ संस्था/ पद | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ज्ञानु परियार | महिला कृषक समुह सदस्य | ५२ | सामान्य | कृषि | |
| २ | लिला परियार | सदस्य | ३२ | सामान्य | कृषि | |
| ३ | खडकमाया परियार | सदस्य | २९ | १२ कक्षा | कृषि | |
| ४ | सुजाता परियार | सदस्य | ४५ | सामान्य | कृषि | |
| ५ | नेत्र बहादुर सार्की | सदस्य | ३६ | सामान्य | कृषि | |
| ६ | विजय परियार | सगरमाथा वालक्लव अध्यक्ष | १४ | कक्षा ८ | विद्यार्थी | |
| ७ | निर्मला राई | सगरमाथा वालक्लव सदस्य | १३ | कक्षा ६ | विद्यार्थी | |
| ८ | मनिषा सार्की | सगरमाथा वालक्लव सदस्य | ११ | कक्षा ८ | विद्यार्थी | |
| ९ | कुमुद कार्की | सदस्य | २७ | कक्षा ६ | कृषि | |
| १० | विन्द्रा राई | सदस्य | २७ | कक्षा ६ | कृषि | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | फडिन्द्र विश्वकर्मा | सदस्य | ३८ | सामान्य | कृषि | |
| १२ | सुमित्रा राई | | ३२ | कक्षा ८ | कृषि | |
| १३ | पृथ बहादुर कार्की | | ५१ | कक्षा ८ | कृषि | |
| १४ | मन्जु चौधरी | | ३९ | १२ कक्षा | कृषि | |

**वार्ड नं ७**

| क्र सं | सहभागीको नाम | समुह/ संस्था/ पद | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | तुल्सी प्रसाद भट्टराई | विजनवारी कृषक समुह सदस्य | ४० | एसएलसी | कृषि | |
| २ | रञ्जु भट्टराई | सदस्य | ४२ | सामान्य | कृषि | |
| ३ | नविता भट्टराई | सदस्य | २६ | एसएलसी | कृषि | |
| ४ | कल्पना भट्टराई | सदस्य | ३९ | एसएलसी | कृषि | |
| ५ | मञ्जु खड्का | सदस्य | ४४ | सामान्य | कृषि | |
| ६ | अमृतमाया विष्ट | सदस्य | ७५ | सामान्य | कृषि | |
| ७ | हेम कुमारी खड्का | सदस्य | ६५ | सामान्य | कृषि | |
| ८ | गोमा कुमारी खड्का | महिसा समूह अध्यक्ष तथा पूर्व वडा सदस्य | ५४ | सामान्य | कृषि | |

**वार्ड नं ७**

| क्र सं | सहभागीको नाम | समुह/ संस्था/ पद | उमेर | शिक्षा | पेशा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरिता कार्की | कार्यपालिका सदस्य | ४० | एसएलसी | कृषि | |
| २ | ईन्दिरा लामा | वडा सदस्य | ४२ | सामान्य | कृषि | |
| ३ | हिम कुमारी ढुङ्गाना | सदस्य | ३३ | वि एड | कृषि | |
| ४ | चन्द्रमाया श्रेष्ठ | न्यायिक समिति सदस्य | ५१ | १२ कक्षा | कृषि | |
| ५ | रेजिना वोहोरा | उत्कृष्ठ वालक्लव सचिव | ५० | सामान्य | कृषि | |
| ६ | तेजन तामाङ्ग | सदस्य | १६ | कक्षा १० | विद्यार्थी | |
| ७ | विशेष भट्टराई | | १२ | कक्षा ८ | विद्यार्थी | |
| ८ | कृष्ण बहादुर खत्री | वडा अध्यक्ष | ३२ | १२ कक्षा | सामाजिक कार्यकर्ता | |

अनुसूची ४

कार्यक्रमसँग सम्वन्धीत फोटोहरु